स्मारिका

# सचेतना

वर्ष २१ अंक १ असोज २०८१ SEPTEMBER 2024



सम्झनामा डा. एण्टोनिया न्युवर

# सामुदायिक पुस्तकालयकी आमा

- आत्मनिर्भर सामुदायिक पुस्तकालय र डा. टोनी
- टोनीको जुनबेसीमा जन्म र चराङमा पुनर्जन्म
- नेपालमा सामुदायिक पुस्तकालय र डा. एन्टोनिया
- मेरो सम्झनामा डा. एण्टोनिया न्युवर

# READ'S APPROACH DEVELOPS COMMUNITY CAPACITY




## रिड नेपालको कार्यपद्धतिले समुदायको क्षमता अभिवृद्धि गर्दछ

Community Capacities

| Sense of Community | Shared Commitment | Ability to Solve Problems | Access to Resources |
| --- | --- | --- | --- |
| सामुदायिक भावना | सामूहिक प्रतिबद्धता | समुदायको समस्या समाधान गर्ने क्षमता | अवसर र स्रोतमा पहुँच अभिवृद्धि |

## रिड तथा समुदायका मान्यताहरूः

| We bilieve in human potential | We have faith in community action | Compasion and respect are at our core | Inclusivity is at the essence of our approach | Equity driven thinking is key |
| --- | --- | --- | --- | --- |
| हामी मानिसहरूको क्षमतामा विश्वास गर्छौं । | हामी समुदायको कार्यमा विश्वास गर्छौं । | सहानुभूति र सम्मान हाम्रो सार हो । | समावेशिता हाम्रो काम गर्ने पद्धतिमा पर्दछ। | समतामूलक सोच हाम्रो प्रमुख प्राथमिकता हो । |

# हार्दिक श्रद्धाञ्जली



**डा. एन्टोनिया न्युवावर (टोनी)**
**१९४३–२०२३**

नेपालमा सामुदायिक पुस्तकालयहरुको विकास र प्रवर्धनका लागि जिवनको अमुल्य ३३ वर्ष अर्पण गर्नु हुने डा. एन्टोनिया न्युवावर (टोनी) को ७९ वर्षको उमेरमा ३ वैशाख २०८० मा दिवंगत हुनुभएको हुँदा रिड नेपाल तथा रिड नेपालको सहयोगमा स्थापना भएका सामुदायिक पुस्तकालय परिवार तथा पुस्तकालय प्रेमीहरु अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं।

यस घडिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै नेपालमा सामुदायिक पुस्तकालयहरु विकासको विरासतको निरन्तरता रिड नेपालमार्फत जारी रहने प्रतिवद्धता व्यक्त गर्दछौं।

## रिड नेपाल परिवार

READ Nepal
Inspiring Rural Prosperity

“म जीवनमा सास र आश रहुन्जेल नेपाल आइरहन्छु, यस्तै अर्को नयाँ पुस्तकालयको उद्घाटनमा म आउने वर्ष फेरि आउनेछु । तर, मेरो अनुभवले भन्छ– आत्मनिर्भर (सेल्फ–सस्टेन) हुने उपायमा पुस्तकालय मात्रै होइन, हाम्रो जीवन पनि चल्नुपर्छ । सधैं स्रोत खोजेर वा सहयोग जुटाएर मात्रै केही पनि दिगो हुन सक्दैन । सी यु नेक्स्ट इयर !”

डा. एन्टोनिया न्युवर

READ Nepal
Inspiring Rural Prosperity

सामुदायिक
# सचेतना

वर्ष २१, अंक १, असोज २०८१ SEPTEMBER 2024



| | |
|---|---|
| डा. टोनीप्रति श्रद्धाञ्जली | ४ |
| आत्मनिर्भर सामुदायिक पुस्तकालय र डा. टोनी | ७ |
| मेरो सम्झनामा डा. एण्टोनिया न्युवर | ९ |
| टोनीको जुनबेसीमा जन्म र चराङमा पुनर्जन्म | ४ |
| अस्ताइन् सामुदायिक पुस्तकालयकी आमा | १६ |
| सामुदायिक पुस्तकालय अभियान र एन्टोनिया | २० |
| गोदावरीमा खुलेको ज्ञानको खानी | २२ |
| नेपालमा सामुदायिक पुस्तकालय र | २४ |
| डा. एन्टोनिया तस्वीरमा डा. एन्टोनिया | २६ |
| शुभेच्छुकहरुको सम्झनामा टोनी | २९ |
| कविता: पुस्तकको ज्योति ! | ३५ |
| कविता: तिम्रो सपना हाम्रो सम्पत्ति ! | ४७ |
| सोसदलमिडियामा डा. टोनीप्रति श्रद्धाञ्जली | ४८ |

READ Nepal
Inspiring Rural Prosperity




**कार्यकारी बोर्ड**

| | |
|---|---|
| अध्यक्ष | संजना श्रेष्ठ |
| उपाध्यक्ष | मुरारी विनोद पोखरेल |
| कोषाध्यक्ष | भोलाकुमार श्रेष्ठ |
| सचिव | भोलानाथ शर्मा |
| सदस्य | शेरबहादुर परियार |
| सदस्य | इरा श्रेष्ठ |
| सदस्य | सुष्मिता लामा |

**सल्लाहकार बोर्ड सदस्य**

रवीन्द्र पुरी
मनोहर भट्टराई
वासुदेव ढुंगाना
राजेन्द्र पौडेल
डा.वीरेन्द्र पोखरेल

**सम्पादक**

रामजी दाहाल

**प्रकाशक**

रिड नेपाल
सग्राम गल्ली, बालुवाटार
पोष्ट बक्स: ११९९५, काठमाडौं
फोन: ०१-४४२३१४१
इमेल: info@readnepal.org
वेभ: www.readglobal.org
www.facebppk.com/readnepal

## सम्पादकीय

# डा. टोनीप्रति श्रद्धाञ्जली

पुस्तकालय भनेको सूचना र ज्ञानको भण्डार हो जसले लेखपढ गर्ने संस्कृतिको विकास गराएर व्यक्तिको चेतना विस्तार गरेको हुन्छ । पुस्तकालयमा किताबसँगै पाठकहरूबीच विचारको आदान-प्रदान समेत हुन्छ । सामाजिक रूपमा घुलमिल हुने र विभिन्न मुद्दाको बहस गर्ने साझा थलो पनि हो पुस्तकालय । सामुदायिक पुस्तकालयहरूले त झन् समुदायका सदस्यहरूलाई सुसूचित गराउनुका साथै महिला सशक्तीकरण र समुदायको विकासमा निकै ठूलो सघाउ पुऱ्याएको हुन्छ । सामुदायिक पुस्तकालयमा समुदायको विकासका बारेमा छलफल हुन्छ । कतिपयलाई लाग्न सक्छ, हातहातमा मोबाइलबाट ताजा सूचनाको अपडेट भइरहेको बेला पुस्तकालयप्रति धेरैको रूचि नहोला । तर पुस्तकालयको महत्व बुझेकाहरू त्यस भनाइप्रति सहमत हुन सक्दैनन् ।

अमेरिकास्थित प्यू रिसर्च सेन्टरको एक अध्ययन अनुसार १६ वर्ष र त्योभन्दा बढी उमेरका आधाभन्दा बढी अमेरिकीले सार्वजनिक पुस्तकालय प्रयोग गर्छन् । नेपालमा पुस्तकालयको प्रयोगकर्ताका बारेमा कुनै अध्ययन अनुसन्धान त भएको छैन । पुस्तक पढ्ने संस्कृति ह्रास हुँदै गएको सन्दर्भमा ३६ वर्षअघि नेपाल घुम्न आएकी एक जना अमेरिकी पदयात्री डा. एन्टोनिया न्युवर (टोनी) ले सगरमाथा पदयात्राबाट फर्कने क्रममा आफ्ना सहयोगी आङ दोमी शेर्पालाई 'तिमीले पदयात्रामा धेरै सहयोग गऱ्यौ, के सहयोग गरौं' भनेर सोध्दा 'यदि सक्नुहुन्छ भने मेरो गाउँ जुनबेसीमा एउटा पुस्तकालय बनाइदिनुस्' भन्ने जवाफ दिए । विकासबाट पछाडि परेका गाउँको जीवनस्तर उकास्नका लागि त्यसपछि टोनीकै पहलमा ग्रामीण शिक्षा विकास (रिड) नेपाल नामक संस्था जन्माएर सन् १९९१ मा सोलुखुम्बुको जुनबेसी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र स्थापना भएको हो । जुन नेपालकै पहिलो सामुदायिक पुस्तकालय हो । जुनबेसीबाट शुरू भएको सामुदायिक पुस्तकालय अभियान ४४ जिल्लाका ७४ समुदायमा विस्तार भएको छ ।

पुस्तकालयका माध्यमबाट समुदायको जीवनस्तरमा सुधार ल्याउनु सामुदायिक पुस्तकालयको मुख्य उद्देश्य हो । त्यसका लागि पुस्तकालयको दिगो विकास प्रमुख शर्त रहेको छ । यति मात्र होइन, स्थानीयले श्रमदान वा आर्थिक सहयोग गरेर जुटाएको पुस्तकालयमा स्थानीयको अपनत्व हुन्छ । यसरी स्थापना गरिएका पुस्तकालयमा आत्मनिर्भरका उपाय सिकाउने गरिएको छ । पुस्तकालयले भवनको सटर भाडामा दिने, सामुदायिक रेडियो सञ्चालन गर्ने, जेनेरेटर, एम्बुलेन्स भाडामा लगाउने तथा महिला लघु ऋण कार्यक्रम चलाएका छन् । यसरी नेपालकै लागि जीवनका ३३ वर्ष समर्पण गरेकी डा. टोनी नेपालमै अन्तिम सास फेर्छु भनेर चैत अन्तिम साता काठमाडौं आएकी थिइन् । नेपालमै अन्तिम सास फेर्ने अन्तिम इच्छा पूरा नभए पनि ८१ वर्षीया क्यान्सरग्रस्त न्यूवरको नेपालमा पाइला राखेर घर फर्कने क्रममा २०८० वैशाखको पहिलो साता यूएईको दुबईमा निधन भएको थियो । समुदायको विकास र महिला सशक्तीकरणका लागि अमेरिकी नागरिक डा. न्यूवरको व्यक्तिगत प्रयासको परिणाम हो, देशभर खुलेका आत्मनिर्भर सामुदायिक पुस्तकालय । सामुदायिक पुस्तकालयको विकासमा समर्पित डा. टोनीको निधनले नेपालको शैक्षिक र सामाजिक क्षेत्रमा अपूरणीय क्षति पुगेको छ । सामुदायिक पुस्तकालयको विकास र विस्तारमा कसैसँग कुनै किसिमको सम्झौता नगरी अघि बढ्नु नै डा. टोनीप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं । ■

# आत्मनिर्भर सामुदायिक पुस्तकालय र डा. टोनी

**समुदायको विकास र महिला सशक्तीकरणका लागि अमेरिकी नागरिक डा. एन्टोनिया न्युवरको व्यक्तिगत प्रयासमा नेपालमा शुरू गरिएको आत्मनिर्भर सामुदायिक पुस्तकालयको सञ्जाल पछिल्लो समय भारत, भुटान र अफ्रिकासम्म फैलिएको छ ।**

■ रामजी दाहाल

३६ वर्षअघि सन् १९८७ मा एक जना अमेरिकी पदयात्री डा. एन्टोनिया न्युवर (टोनी) आफ्ना साथीहरूका साथ नेपालको सोलुखुम्बु भ्रमणमा आएकी थिइन् । सगरमाथा पदयात्राबाट फर्कने क्रममा आफ्ना सहयोगी आङ दोमी शेर्पालाई उनले सोधेकी थिइन्- 'तिमीले हाम्रो पदयात्रामा धेरै सहयोग गर्‍यौ, हामी तिमीलाई सहयोग गर्न चाहन्छौँ, के सहयोग गरौं ?' टोनीलाई लागेको थियो, केही पैसा माग्ला । जवाफमा उनले भने- 'यदि सक्नुहुन्छ भने मेरो गाउँ जुनबेसीमा एउटा पुस्तकालय बनाइदिनुस् ।' शेर्पाको यस्तो अप्रत्यासित र समुदायमुखी माग सुनेपछि न्युवर गम्भीर भएर सोच्न बाध्य भइन् ।

विकासबाट पछाडि परेका गाउँको जीवनस्तर उकास्नका लागि केही गर्ने अठोटका साथ टोनीको पहलमा ग्रामीण शिक्षा विकास (रिड) नेपालको जन्म भयो । टोनीका सहयोगी तिनै शेर्पाको चाहना अनुसार सन् १९९१ मा सोलुखुम्बुको जुनबेसीमा स्थापना भयो, जुनबेसी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र । यो नै नेपालको पहिलो सामुदायिक पुस्तकालय हो । मेरो गाउँ जुनबेसीमा एउटा पुस्तकालय बनाइदिनुस् भन्ने शेर्पाको आग्रहपछि टोनीको व्यक्तिगत प्रयासमा जुनबेसीबाट शुरू भएको सामुदायिक पुस्तकालय अभियान ४४ जिल्लामा विस्तार भइसकेको छ । हालसम्म ७४ वटा सामुदायिक पुस्तकालय स्थापना भइसकेका छन् ।

सामान्यतया: पुस्तकालय भवन बनाउने, त्यसमा केही थान पुस्तक राख्ने र केही समय सञ्चालनमा आएपछि स्रोतको अभावका कारण ढोका बन्द हुने सामान्य चलन रहिआएको छ । यसरी हुने गरेको स्रोत-साधनको दुरूपयोगलाई ध्यानमा राखेर रिड नेपालले कुनै पनि ठाउँमा पुस्तकालयको आवश्यकता मात्र नहेरी त्यसको दिगोपनलाई प्राथमिकता दिएर मात्र पुस्तकालय सञ्चालनमा ल्याउने गरेको छ । साथै, त्यस्ता पुस्तकालय निर्माणमा निश्चित प्रतिशत




स्थानीयले श्रमदान वा आर्थिक सहयोग गरेर जुटाउनुपर्ने अनिवार्य गर्ने गरिएको छ । जसले गर्दा पुस्तकालयमा स्थानीयको अपनत्व हुन जान्छ ।

रिड ग्लोबलकी कार्यकारी निर्देशक संजना श्रेष्ठ

परनिर्भरताले दिने सिकाइ र योजनामा त्यति दिगोपना नरहने भएकोले आत्मनिर्भरताका उपाय सिकाएको बताउँछिन् । कार्यकारी निर्देशक श्रेष्ठ रिडका पुस्तकालय परियोजना दक्षिण एशियामा मात्रै नभएर विश्वव्यापी रूपमा नमूना बन्दै गएको र यसले फरक पहिचान बनाएको बताउँछिन् । उनको भनाइमा यस्ता पुस्तकालयका लागि पैसा दिने, पुस्तक दिने अथवा भवन बनाइदिने धेरै दाता भए पनि आत्मनिर्भरका साथै दिगो विकासको उपाय सिकाउने काम रिडले गरेको छ । त्यसैले रिड पुस्तकालय मोडेल अहिले भारत र भुटानमा समेत नमूना भएको उनले बताइन् । आत्मनिर्भर पुस्तकालय भएकै कारण विल एन्ड मिलिन्डा गेट्स फाउन्डेसनले रिड नेपाललाई पुरस्कृत गरेको थियो ।

> “ पुस्तकालयको माध्यमद्वारा ग्रामीण समुदायको जीवनस्तरमा सुधार ल्याउनु नै सामुदायिक पुस्तकालयको मुख्य उद्देश्य हो । त्यसका लागि रिड नेपालले पुस्तकालयको दिगो विकासमा जोड दिँदै आएको छ । ”

आत्मनिर्भरताको नमूना बनेको रिडले खोलेको जुनबेसी पुस्तकालयमा केबल टेलिभिजनका उपभोक्ताबाट आम्दानी स्रोत निस्केको छ भने चितवनको भुवानी पुस्तकालयमा मोबाइल टावर, जेनेरेटर, एम्बुलेन्स र महिला लघु ऋण कार्यक्रम सञ्चालनमा छ । सर्लाहीको चतुर्भुजेश्वर सामुदायिक पुस्तकालयले आफ्नो भवनको सटर भाडामा दिएर पुस्तकालय खर्च निकालेको छ भने स्याङ्जाको लक्ष्मी स्मृति पुस्तकालयमा सामुदायिक रेडियो सञ्चालन, सटर भाडाको आर्थिक स्रोत रहेको छ । टुकेचेको थाक पुस्तकालयमा काठ मिल र अक्षय कोषको नियमित आम्दानी रहेको छ । यसरी नेपालबाट शुरू भएको आत्मनिर्भर सामुदायिक पुस्तकालयको सञ्जाल पछिल्लो समय भारत, भुटान र अफ्रिकासम्म फैलिएको छ । यस्ता पुस्तकालय समुदायको विकास र महिला सशक्तीकरण गराउन सफल सावित भएका छन् ।

यसरी नेपालकै लागि जीवनका ३३ वर्ष समर्पण गरेकी डा. टोनी नेपालमै अन्तिम सास फेर्छु भनेर चैत अन्तिम साता काठमाडौं आएकी थिइन् । नेपालमै अन्तिम सास फेर्ने इच्छा पूरा नभए पनि ८१ वर्षीया क्यान्सरग्रस्त न्युवरको नेपालमा पाइला राखेर घर फर्कने क्रममा वैशाख पहिलो साता यूएईको दुबईमा निधन भएको थियो ।



## को हुन् टोनी ?

अमेरिकाको न्यूयोर्कमा जन्मिएकी डा. न्युवर इंक्लाइन भिलेज नोभाडामा बसेर ग्रामीण शिक्षा तथा विकास (रिड) ग्लोबल नामक अन्तर्राष्ट्रिय संस्था खोलेर त्यस मार्फत पठन संस्कृति प्रवर्द्धनका लागि सामुदायिक पुस्तकालय स्थापना गरी महिला सशक्तीकरण र समुदायको विकासमा आफूलाई समर्पित गर्दै आएकी थिइन् । उनी रिड ग्लोबलकी संस्थापक हुन् । मुनाफारहित यो संस्थाले नेपाल, भुटान, भारत र अफ्रिकामा सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र स्थापना गरेर शिक्षाका साथै समुदायको विकास र महिला सशक्तीकरणमा काम गर्दै आएको छ । उनी रिड नेपालकी संस्थापक पनि हुन् । स्वनिर्भर कार्यक्रम सञ्चालनका लागि सामुदायिक विकास, शिक्षा, महिला सशक्तीकरण, जीविकोपार्जन, सीप विकास, आर्थिक समृद्धिका लागि करिब ३ लाख मानिसमा पुगेको छ । समुदायमा रिड नेपालले सञ्चालन गरेका आत्मनिर्भर पुस्तकालयको सफलताको यो मोडेललाई सन् २००६ मा बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसनले १० लाख डलरको पुरस्कार (रेप्लिकेसन अवार्ड)) प्रदान गरिसकेको छ । यही रेप्लिकेसन अवार्डको बलमा रिड नेपालले भारतको हरियाणा, मणिपुर, राजस्थान, कोलकाता सहित ४५ स्थान र भुटानमा थिम्पू सहित ९ स्थानमा रिड पुस्तकालय सञ्चालनमा ल्याइसकेको छ ।

डा. न्युवर मिथ एण्ड माउन्टेन नामक ट्राभलकी संस्थापक हुन् । उनको यो कम्पनी संसारमै उत्कृष्ट ट्राभल कम्पनी मानिन्छ । वर्ल्ड अफ वन्डर ट्राभलले न्यूवरलाई नेपाल, भारत, भुटान र म्यानमार विज्ञका रूपमा राखेको छ । सन् १९८६ देखि हरेक वर्ष नेपालमा हजारौं पर्यटक भित्र्याउनमा उनको विशेष योगदान रहेको छ । नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धनमा उत्कृष्ट योगदान पुऱ्याएको तथा शिक्षा-चेतनाको प्रवर्द्धनका निम्ति उनलाई नेपाल पर्यटन बोर्डले २ नोभेम्बर २००९ मा विशेष सम्मान गरेको थियो भने डिल्लीरमण रेग्मी इन्टरनेशनल पिस अवार्ड प्रदान गरिएको थियो । यसैगरी एशोसिएसन अफ नेपलिज इन अमेरिकाजले फ्रयाण्ड अफ नेपाल अवार्ड २००९ बाट उनलाई सम्मान गरेको थियो ।

उनी भाषा शिक्षक पनि हुन् । मातृभाषा अंग्रेजी जस्तै फ्रेन्च, स्पेनिस, नेपाली, जर्मन, इटालियन भाषामा उत्तिकै सञ्चार गर्न सक्थिन् । फ्रेन्च साहित्यमा स्नातकोत्तर न्युवर शैक्षिक प्रशासनमा विद्यावारिधि हुन् । उनले फिलाडेल्फियाको साक्षरता, व्यापार, शिक्षा साझेदारी, स्नायु विज्ञान र शिक्षाका विषयमा लेखहरू प्रकाशित छन् । विशेष वक्ताका रूपमा यल युनिभर्सिटी, जोजटान युनिभर्सिटी, वासिंगटन र ली युनिभर्सिटीका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक र व्यावसायिक बैठकहरूमा उनका प्रवचन लोकप्रिय मानिन्थ्यो ।

इंक्लाइन भिलेजमा अमेरिकन एशोसिएसन फर युनिभर्सिटी ओमन एण्ड द चेम्बर अफ कमर्सकी सदस्य थिइन् । यसका साथै उनी नर्दन नेभाडा इन्टरनेशनल सेन्टर एण्ड एजुकेशनल पाथवेजको बोर्ड सदस्य थिइन् । लरेन्स र मेलिसा उनका दुई सन्तान र सात जना नातिनातिना छन् । ■




# मेरो सम्झनामा
# डा. एण्टोनिया न्युवर

**टोनीको देहावसानपछि रिड नेपालले एक जना ठूलो अभिभावक गुमाएको त छ नै तर पनि टोनीको पदचाप बुझेर काम गर्न सक्ने रिड ग्लोबल, रिड नेपाल र थुप्रै सामुदायिक पुस्तकालयहरु हाम्रो साथमा छन् ।**

■ भोलाकुमार श्रेष्ठ

मलाई आत्मविश्वास थिएन; मैले पनि पाराग्लाइडिङ्ग गर्न सक्छु भन्ने, तर गरियो नगरी सुखै पाइएन । यो सम्झना सन् २०१३ अक्टुबर १३ को हो ।

हामी पाँचजना डा. एन्टोनिया न्युवर (जसलाई हामी मायाले टोनी दिदी भनेर सम्बोधन गर्थ्यौं), संजना श्रेष्ठ, स्नेहा श्रेष्ठ, चिनकाजी श्रेष्ठ र म पोखराको वाटरफ्रन्ट होटलमा भोलिपल्टको कार्यक्रमबारे छलफल गर्दै थियौं । संजनाकी छोरी स्नेहाले भोलि बिहान पाराग्लाइडिङ्ग गर्ने, हामी ४ जना हेर्न जाने तर पाराग्लाइडिङ्ग नगर्ने भनी सुत्यौं ।

बिहान ४ बजे नै टोनीले हामी सबैलाई उठाउनुभयो । एक्कासी भन्नुभयो, मैले पाराग्लाइडिङ्गको टिकट बुक गरिसकें, कसैले नाइँ भन्न पाउँदैनौ । टोनीको वचन टार्न सकिएन । तर पनि मैले सानो स्वरमा भनें, मलाई प्रेसर छ । उल्टै मलाई त झन् के के छ, तिमी भन्दा उमेरले पनि पाको मैले त आँट गरें भने- टोनी भन्दै हुनुहुन्थ्यो । संजनाले निष्कर्ष निकाल्दै भन्नुभयो, जे परी परी गरौं । मैले बिस्तारै टाउको मात्र हल्लाएँ ।

निर्धारित समयमा पाराग्लाइडिङ्ग स्थल पुगियो । टोनी उत्साहित हुनुहुन्थ्यो । म डराएको थिएँ, तर पनि बलजफ्ती हाँस्ने प्रयास गर्थे । संजना र चिनकाजीको पनि हालत उस्तै थियो । किशोरी स्नेहामा डर पटक्कै थिएन, बन्जिङ आदि गरिसकेकी थिइन् । तयारी पछि सब एक-एक गरी उडे । मेरो पाइलट विदेशी थियो । उसले भन्यो, म जे-जे निर्देशन गर्छु त्यो गर्ने, केही डर मान्नुपर्दैन । हुन्छ मात्र के भनेको थिएँ- अब दौड भन्ने वित्तिकै दौडनुको सट्टा हावाको चापले थ्याच्चै बसेछु । पहिलो प्रयास असफल भयो । सबै उडेर कता पुगिसके । दोस्रो प्रयासमा पनि मेरो कमजोरी देखियो, तर उडियो । पाइलट भन्दैथिए- मेरो निर्देशन तिमीले राम्रो फलो गरेनौ । यस्तो भयो भने दुर्घटना हुन सक्छ । माथि माथि चराहरू जस्तै उड्न थालियो । आहा ! कस्तो रमाइलो चरा जस्तै उड्न पाएकोमा । एक प्रकारले डर र आनन्दको बीचमा उडिरहें । पाइलट भन्दै थिए



सन् २०१२ मा पर्यटकीय नगरी पोखराको साराङकोटमा प्याराग्लाइडिङ गर्नका लागि परिवारसदस्यका साथ डा. टोनी ।

अब त रमाइलो भयो होला ? पाराग्लाइडिङ्को डोरी घुमाउँदा भने आकाश मुनि, पृथ्वी माथि रिङ्टा लाग्ने । पर हिमाल, पहाड, तल जंगल, फेवाताल, पोखरा शहर आदिको दृश्य अवलोकन गर्दै करीब ४० मिनेटमा फेवाताल नजिकैको चौरमा अवतरण गरियो ।

टोनी भन्दै हुनुहुन्थ्यो, भोला कस्तो लाग्यो ! कहिलेकाहीं साहसिक कामको मज्जा पनि लिन जान्नुपर्छ । गर्वसाथ हाँसें । अहिले पनि गौरवसाथ केटाकेटी, साथीहरूलाई भन्ने गर्छु, बुझ्यौ मैले पनि पाराग्लाइडिङ् गरिसकें नि !

यो धेरै वर्ष अगाडिको कुरा हो । रिड नेपाल स्थापना भइसकेर विभिन्न जिल्लामा सामुदायिक पुस्तकालय स्थापनाका लागि सहयोग गर्न थालेपछि टोनीसँगको एक दिनको भेटमा मैले भने, काठमाडौंको टोल-टोलमा धेरै सार्वजनिक पुस्तकालयहरू छन् । ती सबै नाममात्रका छन् । त्यसैले राजधानी शहरमा एउटा नमूना सार्वजनिक पुस्तकालय खोल्न तपाईंको सहयोग चाहियो । यति मात्र के भनेको थिएँ, टोनी रिसाउँदै भन्न थाल्नुभयो, "यो सरकारको काम हो मैले त ग्रामीण क्षेत्रमा जहाँ पुस्तकको पहुँच छैन त्यस्तो ठाउँमा मात्रै सामुदायिक पुस्तकालय खोल्न सहयोग गर्ने हो ।" म चुप लागें, टोनीको कुरा शतप्रतिशत सही थियो ।

विशेष गरेर सामुदायिक पुस्तकालयहरूको भवन उद्घाटन तथा अन्य कार्यक्रमहरूमा म पनि सँगै हुन्थें । पुस्तकालयमा जनसहभागिता देखेपछि उहाँमा खुशीको सीमा हुँदैनथ्यो ।

क्यान्सर रोग लागेको अवस्थामा पनि 'नेपालीले सक्छौं' अभियान अन्तर्गत बनेको गोरखाको ताकुकोट सामुदायिक पुस्तकालय उद्घाटन कार्यक्रमको लागि नेपाल आउनुभएको थियो । २०७८ चैत १७ गतेको उद्घाटन कार्यक्रममा बाजागाजा सहित नाच्दै उद्घाटन स्थलमा पुग्दा उहाँको उत्साह-उमङ्ग देखेर हामी छक्क पर्थ्यौं । न उमेरले छेक्यो, न रोगले छेक्यो । उहाँ भन्नुहुन्थ्यो, मलाई नेपाल आउन पाएपछि मेरो रोग निको भइहाल्छ । तर यस पटक उहाँको रोग निको भएन । अन्तिम पटक रोगले अति नै च्यापिसकेको अवस्थामा पनि छोरा र केही पर्यटकहरू लिएर नेपाल आउनुभएको थियो । उहाँको स्वागतका लागि त्रिभुवन विमानस्थलमा संजना, चिनकाजी र म गएका थियौं । क्यान्सरले निकै गलिसकेको महसुस भयो । तर मुहारमा चमक उस्तै थियो । कसैको सहायता लिन मान्नुहुन्नथ्यो ।

भोलिपल्ट बेलुकाको खानाको लागि रिड नेपालले रवीन्द्र पुरीको नमूना घर भक्तपुरमा कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा टोनीको पुरानो साथीहरूमा डा. सुरेशराज शर्मा, शंकरराज पाठक हुनुहुन्थ्यो । सबैसँग टोनीको घुलमिल र सक्रियता देखेर हामी छक्क पर्नु स्वाभाविकै थियो । आफ्नो छोटो मन्तव्यमा पनि सबैप्रति आभार व्यक्त गर्दै सामुदायिक पुस्तकालयको विकास र विस्तारमा लागिरहने कुरा बताउनुभएको थियो ।

भोलिपल्ट चितवन र गोरखा गएर फर्केपछि आफूले स्थापना गरेको पहिलो सोलुखुम्बु जिल्लाको जुनबेसीमा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा जाने कार्यक्रम थियो । २०७२ सालको भूकम्पले जुनबेसी सामुदायिक पुस्तकालयलाई पनि क्षति पुऱ्याएकोले शान्ति भोलुन्टियर एशोसिएसन, जापान सरकारबाट नयाँ भवन बनाइएको थियो । टोनीको सो पुस्तकालय हेर्ने इच्छा थियो । तर अपशोच क्यान्सर रोगले पुनः च्यापेको कारण उहाँ जान सक्नुभएन । हुनत उहाँको अन्तिम इच्छा नेपालमा नै देहत्याग गर्ने भन्ने पनि थियो । तर परिवारहरूले अमेरिकामा नै फर्काउने भनिएकोले र टोनीले पनि अन्तिममा फर्कने भनेपछि एअर एम्बुलेन्सबाट दुबई हुँदै अमेरिका जाने भन्ने थियो । छोरा पनि साथमा नै थिए । नेपालमा नै देहत्यागको इच्छा हुँदाहुँदै २०८० साल वैशाख ३ गते दुबईमा नै देहत्याग गर्नुभयो । उहाँको मृत शरीर मात्र अमेरिकामा पुग्यो । जेहोस् आफ्नो जीवनको अन्तिम समयको केही दिन भने नेपालमा नै बिताउनुभयो । आफ्ना पुरानो साथीभाइ, रिड नेपालका कर्मचारीहरू र बोर्डका सदस्यहरूलाई भेटेर अनन्त यात्रामा जानुभयो । अन्तिम अवस्थासम्म संजना श्रेष्ठले भने उनको साथ छाड्नुभएन । उहाँको आत्माको शान्तिको कामना गर्दै स्वयम्भूमा बौद्ध परम्परा अनुसार १०८ दीप प्रज्वलन गरेर स्वर्गवासको कामना गऱ्यौं ।

## रिड नेपालको शुरुआत

आजभन्दा ३६ वर्ष अगाडि सन् १९८७ मा एउटी अमेरिकी महिला डा. एन्टोनिया न्युवर आफ्ना साथीहरूका साथ सगरमाथा पदयात्राबाट फर्कने क्रममा खुशी भएर पथप्रदर्शक दोमी लामालाई सोध्छिन्, 'तिमीले हामीलाई पदयात्राको क्रममा धेरै सहयोग गऱ्यौ, हामी तिमीलाई केही सहयोग गर्न चाहन्छौं, भन के चाहन्छौं !' डा. न्युवरले सोध्नुभएको थियो, केही पैसा माग्लान्, छोराछोरीलाई पढाइदेऊ

भन्लान्, अमेरिका बोलाऊ भन्लान् । तर दोमीले व्यक्तिगत रूपमा केही मागेनन् । उनले भने, 'यदि सक्नुहुन्छ भने मेरो गाउँ जुनबेसीमा एउटा पुस्तकालय बनाइदिनुस् ।' अप्रत्यासित र निश्चल मागले न्युवर भस्किन् । दोमीको सरल र गहकिलो उत्तर न्युवरको मनमा यति गड्यो कि सोच्न बाध्य बनायो । केही वर्षदेखि नेपालमा पदयात्राको क्रममा उहाँले देख्नुभएको थियो, स्कुल जान नपाएका केटाकेटीहरू जसको हातमा किताब हुनुपर्नेमा डोको, नाम्लो छ । गाउँ गाउँमा तास, क्यारेम र रक्सीमा व्यस्त युवाहरू, गरिबीको डरलाग्दा नाङ्गा खुट्टाहरू, फाटेका लुगाहरू, बाँच्नका लागि भारी बोक्नुपर्ने बाध्यता । अनि कसरी व्यक्ति, गाउँ, समाजको विकास होला ? ज्ञान, सूचना र सीपबाट वञ्चित यी गाउँलेहरूका लागि अब मैले केही त गर्नै पर्छ । यही अठोटबाट ग्रामीण शिक्षा विकास (रिड) नामक संस्थाको जन्म भयो । दोमी लामाको इच्छा अनुसार सन् १९९१ मा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र सोलुखुम्बु जिल्लाको जुनबेसीमा स्थापना भयो । यो नै नेपालको पहिलो सामुदायिक नाम जोडिएको पुस्तकालय हो ।



यसरी जुनबेसीबाट शुरू भएको सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र खोल्ने र विकास गर्ने अभियानले हालसम्म ४५ जिल्लामा ७३ वटा पुस्तकालयहरू स्थापना भएका छन् । यो साल जापान सरकार, शान्ति भोलेन्टियर एशोसिएसनको सहयोगमा धनकुटा जिल्लामा सिंधुवा छथर जोरपाटी सामुदायिक पुस्तकालय, संखुवासभा जिल्लामा धर्मदेवी सामुदायिक पुस्तकालय र मोरङमा शान्ति सामुदायिक पुस्तकालय स्थापना हुँदैछन् । धनकुटाको छथर जोरपाटीमा भवन बनिसकेको छ भने धर्मदेवी र लेटाङमा बन्दैछ ।

रिड नेपालको मुख्य उद्देश्य नै सामुदायिक पुस्तकालयको माध्यमद्वारा ग्रामीण समुदायको जीवनस्तर उकास्नु रहेको छ । रिड नेपालले ग्रामीण भेकमा आफैं जानु भन्दा ग्रामीण समुदायको आवश्यकता र मागको आधारमा पुस्तकालय खोल्न र व्यवस्थित गर्न सहयोग गर्ने गरेको छ । यसमा पनि आर्थिक दिगोपनलाई प्राथमिकतामा राखेको छ । पुस्तकालयको दिगो सञ्चालनका लागि आयआर्जनको स्रोत पहिचान गरी दिगो परियोजना निश्चित भएपछि मात्रै रिड नेपालले सहयोग गर्ने गरेको छ । समुदायको तर्फबाट पुस्तकालयको भवन बनाउन जग्गा र प्रत्येक घरधुरीबाट सकेको रकम वा जनश्रमदान गर्ने प्रतिबद्धता जनाएपछि मात्रै रिड नेपालले सहयोग गर्ने गरेको छ । यसबाट समुदायको अपनत्व हुने र पुस्तकालय आफ्नै हो भन्ने भावनाले गर्दा पुस्तकालय निरन्तर रूपमा सफलतापूर्वक सञ्चालन हुने कुरामा रिड नेपाल विश्वास गर्दछ । रिड नेपाल २/४ वटा सामुदायिक पुस्तकालय बाहेक अन्य सामुदायिक पुस्तकालयहरू यिनै भावनाले गर्दा राम्रोसँग सञ्चालनमा रहेका छन् । समुदायको प्रतिबद्धतापछि रिड नेपालले निम्नानुसार क्रियाकलापहरूमा सहयोग पुऱ्याउँदै आएको छ ।

- पुस्तकालय भवन निर्माण ।
- दिगो आयआर्जन परियोजना ।
- पुस्तक, पत्रपत्रिका खरिद ।
- कम्प्युटर, टेलिभिजन, फोटोकपी, प्रिन्टर, क्यामेरा, इन्टरनेट जडान, साउण्ड बक्स, ओभरहेड प्रोजेक्टर आदि ।
- फर्निचर, दराज, फर्निसिङ आदि ।

खेलौना, खेलकुद सामग्री, संगीतका साधन जस्तै हार्मोनियम, गितार, तबला आदि । यसको साथै समुदायको माग अनुसार विभिन्न किसिमका तालिमहरू पनि दिने गरिएको छ ।

सामुदायिक पुस्तकालय व्यवस्थापन समिति तथा स्थानीय सरोकारवालाहरूका लागि पुस्तकालय निर्माणमा समुदायको सक्रिय संलग्नताका लागि

डा. टोनीका साथ रिड नेपालका कोषाध्यक्ष भोलाकुमार श्रेष्ठ ।



सन् २०१८ मा नेपाल भ्रमण सकेपछि डा. टोनी (बीचमा) को विदाई गर्दै डा. मोहनमान सैंजु (बायाँ), शान्ति बस्नेत, डा. शंकरराज पाठक लगायत रिड नेपाल परिवार ।

सामुदायिक परिचालन तालिम, संस्थागत सबलीकरण तथा सुशासन सम्बन्धी तालिम, नियमहरूको निर्माण, दिगो आयआर्जन व्यवस्थापन तालिम, वित्तीय व्यवस्थापन तालिमहरू सञ्चालन गर्दै आएको छ ।

- पुस्तकालय व्यवस्थापन तालिम
- कम्प्युटर तथा सोसियल मिडिया साक्षर तालिम
- महिला सशक्तीकरण तालिम
- नेतृत्व विकास तालिम
- क्षमता अभिवृद्धि
- स्वरोजगार तथा सुरक्षित आप्रवासन
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आदि ।

रिड नेपाल अरू गैरसरकारी संस्थाभन्दा निकै फरक छ । यसले पुस्तकालयलाई मात्र प्राथमिकतामा नराखी समस्त ग्रामीण समुदायको सबै वर्ग विशेषगरी सीमान्तकृत समुदायलाई सम्मानपूर्वक बाँच्ने अधिकारको पनि प्रत्याभूति गर्दछ । एउटा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रभित्र समुदायका सबै वर्ग अट्ने गरी शाखाहरू विस्तार गरिएको छ । जस्तैः

- **पुस्तकालय कक्षः** सबै वर्गलाई हुने गरी पुस्तकहरू राखिएको हुन्छ ।
- **बाल कक्षः** खेलौनाहरू सहितको बालसाहित्य ।
- **महिला कक्षः** महिलाहरूको स्वास्थ्यलाई समेत ध्यान दिएर सीप, रोजगार आदि ।
- **कम्प्युटर कक्षः** कम्तीमा ५ देखि १० वटा कम्प्युटरको व्यवस्था गरिएको हुन्छ, जहाँ इन्टरनेटको पहुँच सहितको कम्प्युटर तालिम दिने गरिन्छ ।
- **युवा कक्षः** युवाहरूलाई पठन संस्कृतिमा आकर्षण बढाउनका लागि खेलकुदका सामग्री, संगीतका सामग्रीहरू राखिएको हुन्छ । खेल्दै, सिक्दै पढ्ने वातावरण उपलब्ध गरेको हुन्छ ।
- **श्रव्य दृश्य कक्षः** जहाँ टेलिभिजन राखिएको हुन्छ ।
- **प्रकोप व्यवस्थापन कक्षः** २०७२ सालको भूकम्पपछि नयाँ बनेका पुस्तकालयहरूमा प्रकोप व्यवस्थापन सम्बन्धी सामग्रीहरू पनि राखिएको छ । भूकम्प, बाढी, पहिरो, आगलागी भएमा तत्कालीन रूपमा यो शाखाबाट स्वयंसेवकहरू परिचालन गर्ने गर्दछ ।

यसको साथै पुस्तकालयको नयाँ भवन बनाउँदा कम्तीमा भुईंतला अपाङ्गतामैत्री बनाउने गरिएको छ । रिड नेपालबाट सहयोग प्राप्त प्रत्येक सामुदायिक पुस्तकालयहरूमा तालिम दिन, गाउँलेको समस्या माथि छलफल गर्न, आय आर्जन गर्न एउटा ठूलो हलको पनि व्यवस्था गरिएको छ ।

## रिड नेपालसँग आबद्ध व्यक्तित्वहरू

रिड नेपालको स्थापनाकालदेखि नै नेपालका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरूलाई सल्लाहकारमा राखिंदै आएको छ । प्रख्यात कलाकार लैनसिंह बाङ्देल र उहाँकी छोरी डिना बाङ्देलसँग टोनीको रिड नेपाल स्थापना हुनु अगाडिदेखि चिनजान र परिचय थियो । शायद लैनसिंह बाङ्देलकै सल्लाह अनुसार नेपाल पुस्तकालय परियोजनामा सल्लाहकारको रूपमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शंकरराज पाठक, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.

मोहनमान सैंजु, काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति डा. सुरेशराज शर्मा, रिता थापा, शान्ति बस्नेत, कान्तिपुर पब्लिकेशनका पूर्व अध्यक्ष हेमराज ज्ञवाली हुनुहुन्थ्यो । अहिले लैनसिंह बाङ्देल, डिना बाङ्देल र हेमराज ज्ञवालीको स्वर्गारोहण भइसकेको छ भने अन्य व्यक्तित्वहरू अहिले पनि इमेरिटस बोर्डमा हुनुहुन्छ । उहाँहरूको शुभेच्छाले गर्दा रिड नेपाल जुनसुकै कठिनाइलाई पार गर्दै यहाँसम्म आउन सफल भएको हो । संजना श्रेष्ठ रिड नेपालको कार्यकारी निर्देशक भएर आएपछि रिड नेपालको सल्लाहकार बोर्डमा डा. निर्मल कँडेल, रवीन्द्र पुरी, मनोहर भट्टराई, इरा श्रेष्ठ र भोला श्रेष्ठ पनि सल्लाहकार बोर्डमा बस्ने सुअवसर प्राप्त भयो । सन् २०१७ सम्म रिड नेपाल अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको रूपमा थियो भने हाल गैरसरकारी संस्थाको रूपमा रहेको छ ।

रिड सूचना तथा स्रोत केन्द्रको स्थापना सन् २००६ मा भएको हो । यसलाई छोटोमा रिड नेपाल भन्ने जनाउँछ । हाल यसको सल्लाहकार बोर्डमा डा. वीरेन्द्रराज पोखेल, मनोहर भट्टराई, रवीन्द्र पुरी, वासु ढुङ्गाना र राजेन्द्रप्रसाद पौडेल हुनुहुन्छ । त्यस्तै गरेर रिड नेपालको कार्यकारी बोर्डमा संजना श्रेष्ठ, मुरारिविनोद पोखेल, भोलानाथ शर्मा, भोलाकुमार श्रेष्ठ, शेरबहादुर परियार, इरा श्रेष्ठ र सुष्मिता लामा हुनुहुन्छ ।

रिड नेपाललाई यो ठाउँसम्म पुऱ्याउनेमा पूर्व कर्मचारीहरूमा डिल्ली बाँस्कोटा, शरदबाबु श्रेष्ठ, राजुबाबु श्रेष्ठ, नूतन वन्त हुनुहुन्थ्यो भने हालसम्म निरन्तरता दिनेहरूमा संजना श्रेष्ठ, चिनकाजी श्रेष्ठ हुनुहुन्छ । शरद बाबुपछि रिड नेपालका प्रमुख हुनुभएका संजना श्रेष्ठको कुशल नेतृत्वले गर्दा पछाडि फर्कर हेर्नुपरेन । सामुदायिक विकासका लागि सामुदायिक पुस्तकालय मार्फत नयाँ–नयाँ कार्यक्रम सञ्चालन हुन थाल्यो । रिड मोडुललाई एउटा सफलताको सूचक मानियो । रिड ग्लोबलले यो मोडुललाई सन् २००७ मा भारत र भुटानमा विस्तार गऱ्यो । पछि संजनाको आवश्यकता रिड ग्लोबलमा देखिएकोले रिड ग्लोबलको कार्यकारी निर्देशकमा नियुक्त गरियो । यो रिड नेपालको लागि ठूलो गौरवको कुरा थियो । रिड ग्लोबलको कार्यकारी निर्देशक भएतापनि रिड नेपालको विकास र विस्तारमा संजनाको भूमिका सर्वोपरि छ र सदा रहनेछ । शायद उहाँहरू नभएको भए रिड नेपाल यो ठाउँसम्म आउने थियो कि थिएन ? जेहोस् रिड नेपाललाई अति नै माया गर्ने, सल्लाहकार, बोर्ड सदस्य, कर्मचारी र विशेष गरेर बिर्सनु नै नहुनेहरू हाम्रो सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रका तमाम जनता र अन्त्यमा रिड ग्लोबलका कर्मचारी, सल्लाहकार र दाता संस्थाहरू हुन् ।



ख्यातिप्राप्त कलाकार लैनसिंह वाङदेलको घरमा डा. टोनी लगायत रिड नेपालका शुभचिन्तकहरू ।

## एक्सेस टू लर्निङ्ग अवार्ड- २००६

ग्रामीण समुदायको जीवन उत्थानका लागि रिड नेपालले गाउँ–गाउँमा सामुदायिक पुस्तकालय खोलेर शिक्षा विकासको साथसाथै समुदायको आत्मनिर्भरताको नमूना कार्यक्रमले गर्दा सन् २००६ मा १० लाख डलरको बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसनले स्थापना गरेको एक्सेस टू लर्निङ् अवार्ड – २००६ प्राप्त गऱ्यो । उक्त पुरस्कार कोरियाको सिउलमा इफ्लाको सम्मेलनमा प्रदान गरिएको थियो । सन् २००७ मा बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसनले नै रिड नेपाल मोडेललाई भारत र भुटानमा स्थापित गर्न रेप्लिकेट ग्रान्ट उपलब्ध गरायो । यसरी रिड नेपालको सामुदायिक पुस्तकालय मोडेललाई भारत र भुटानमा विस्तार गऱ्यो । यसरी विस्तारै रिड नेपाललाई विश्वले चिन्दै गयो र पछाडि फर्कर हेर्नुपरेन ।

## रिड ग्लोबल

सन् २००६ मा नै रिड ग्लोबलको स्थापना अमेरिकाको सनफ्रान्सिस्कोमा भएको थियो । यसको मुख्य उद्देश्यमा सामुदायिक पुस्तकालयको माध्यमद्वारा नेपाल, भारत, भुटानमा समुदायको उत्थान र विकासमा काम गरिरहेको छ । रिड ग्लोबल मार्फत विभिन्न दातृ संस्थाहरूको सहयोगमा शिक्षा, महिला सशक्तीकरण, प्रविधि र आर्थिक क्षमता अभिवृद्धिमा नेपाल, भुटान र भारतमा सामुदायिक पुस्तकालय स्थापना गरी सो मार्फत काम गर्ने गरेका छन् । यसरी रिड ग्लोबल एउटा बलियो साझेदारीको रूपमा रहेको छ ।

रिड ग्लोबलमा एउटा सशक्त सल्लाहकार बोर्ड रहेको छ । उक्त बोर्डमा रिड नेपालको तर्फबाट




हालसालै इरा श्रेष्ठले प्रतिनिधित्व गर्नुभएको छ । बोर्डले बेला-बेलामा यी तीनै देशमा भ्रमण गरी साझेदारी संस्थाहरूसित व्यापक छलफल गरी अगाडि बढ्न सल्लाह दिने गर्दछ । यो संस्थाको कार्यकारी निर्देशकमा संजना श्रेष्ठ, उप-निर्देशकमा मेगन भोल्क र एशिया क्षेत्रीय मेनेजरमा हुनुहुन्छ ।

## रिड नेपालसँग सम्बद्ध दातृ संस्थाहरू

रिड ग्लोबल मार्फत कतारको रिच आउट टु एशिया नामक दातृ संस्थाले २०१४ देखि ५ वर्षका लागि सामुदायिक पुस्तकालयहरू बनाउन नेपाल, भारत र भुटानलाई सहयोग गरेको थियो । उक्त संस्था मार्फत नेपालमा १२ वटा सामुदायिक पुस्तकालयहरू बने । प्राक्टिकल एक्सनको सहयोगमा सामुदायिक पुस्तकालयहरूमा प्राविधिक ज्ञान सेवा कार्यक्रम लागू भयो । जसमा कृषि, पशुपालन, मौसम परिवर्तन आदिसँग सम्बन्धित जिज्ञासाहरू समाधान गर्ने गरिन्छ । रिड नेपालबाट सञ्चालित कार्यक्रमहरूमा समुदायले रूचाएको कार्यक्रम भित्र पर्दछ यो कार्यक्रम । दक्षिण कोरियाको ब्युटिफुल स्टोर फाउण्डेसन परियोजनाबाट ३ वटा सामुदायिक पुस्तकालयहरू बने ।

२०७२ सालको भूकम्पपछि ए एस बी जर्मनको सहयोगमा नेपालमा पहिलो पटक अपाङ्गमैत्री र भूकम्प प्रतिरोधात्मक दुई वटा सामुदायिक पुस्तकालय, दोलखाको चरिकोटमा गौरीशंकर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र र नुवाकोटको कुमौरीमा जनजागरण सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र भवन बनेको छ । साथै अपाङ्ग सशक्तीकरण र विपद् व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरू गर्ने गरेका छन् । २०७२ पछि ए एस बी जर्मनले निरन्तर रूपमा विपत् व्यवस्थापन र अपाङ्गमैत्री कार्यक्रमहरूमा रिड नेपाललाई सहयोग गर्दै आएको छ ।

२०७२ सालको भूकम्पपछि नै शान्ति भोलेन्टियर एशोसिएसन, जापान सरकारले ललितपुरको गोदावरीमा, सोलुखुम्बुको जुनबेसीमा, सुनसरीको धरानमा र स्याङ्जाको कालीगण्डकी नगरपालिकामा ४ वटा सामुदायिक पुस्तकालय भवन निर्माण गरिसकेको छ भने आगामी वर्षहरूमा धनकुटाको छथर जोरपाटी गाउँपालिकामा, संखुवासभाको धर्मदेवीमा र मोरङको लेटाङमा पुस्तकालय भवन बन्दैछन् ।

सन् २०१४ देखि रिड नेपालले 'हजुरबा हजुरआमाको कथा मेरो चित्र' परियोजना लागू गरेको छ । पुस्तकालयमा हजुरबा हजुरआमाहरूलाई बोलाएर कथा भन्न लगाउने, बालबालिकाहरूले उक्त कथा टिप्ने र चित्र कोर्ने काम गरेपछि बालकथाकार, बाल चित्रकारहरूले त्यसलाई सम्पादन गरेपछि पुस्तकको रूपमा प्रकाशन गर्ने गरेका छन् । अहिलेसम्म १३ वटा बाल पुस्तकहरू प्रकाशन भइसकेका छन् । यो परियोजनाको लागि शुरूमा जोहन रोबर्ट ग्रेग फण्डले सहयोग गरेको थियो भने हाल शान्ति भोलुन्टियर एशोसिएसनले सहयोग गर्दै आएको छ । गाउँबाट लोप हुन लागेको कथाहरूलाई लोप हुन नदिनु यो परियोजनाको उद्देश्य रहेको छ ।

रिड ग्लोबल मार्फत आइरेक्सको सहयोगमा रिड नेपालले विभिन्न सामुदायिक पुस्तकालयहरूमा ९ देखि १२ कक्षामा अध्ययनरत किशोरीहरूलाई प्रविधि मैत्री परियोजना लागू गरेको थियो । यस परियोजना मार्फत छात्राहरूलाई नेतृत्व विकास, प्रविधि मैत्री, सीप विकास र समुदायको समस्याहरू जस्तै बालविवाह, यौन दुर्व्यवहारबाट कसरी बच्ने र बचाउने आदि विषयमा तालिम, सीप विकासका तालिमहरू दिइएका थिए । यो परियोजना ज्यादै सफल र समुदायले पनि मनपराएकोले हाल दोस्रो फेजको कार्यक्रम पनि लागू भइसकेको छ ।

रिड ग्लोबल मार्फत आइरेक्सकै सहयोगमा युवाहरूलाई भरसक नेपालमा नै राख्ने यदि सम्भव भएन विदेश पठाउनुपऱ्यो भने कसरी सुरक्षित पठाउने भन्ने ४० वटा सामुदायिक पुस्तकालयहरूमा दोस्रो चरणको दियो परियोजना लागू भएको छ । यो परियोजना पनि समुदायले रूचाएको परियोजनाभित्र पर्दछ ।

यस्तैगरी हाल ह्युमानिटी युनाइटेडको सहयोगमा

सीमान्तकृत समुदायका मानिसहरू, आर्थिक हिसाबले कमजोर समुदाय जस्तै- दैनिक ज्यालादारीमा काम गर्ने मजदुर, इँटा भट्टामा काम गर्ने मजदुर, तिनका बालबालिका र परिवारजनहरूको जीवन उत्थानका लागि व्यावहारिक सामुदायिक समस्या समाधान परियोजना मार्फत विभिन्न कार्यक्रम नवलपरासीको जहदामा र सिरहाको लहानमा सामुदायिक पुस्तकालयहरू मार्फत भइरहेका छन् ।

## अन्त्यमा,

रिड नेपालले सामुदायिक पुस्तकालय मार्फत समुदायमा रहेका विभिन्न वर्गलाई एकताबद्ध, समावेशी, उत्थानशील कार्यक्रमहरू गरी समुदायको ज्ञान, सूचना र सीपको विकासमा उल्लेखनीय कार्यक्रमहरू गर्दै आएका छन् । सामुदायिक पुस्तकालयहरूलाई जीवन्त राख्न रिड मोडुल एउटा उत्तम उपाय हुन सक्छ । सामुदायिक पुस्तकालय समुदायको ज्ञान, सूचना र सीपको मूल ढोका हो । यसले लोकतन्त्रको जगलाई मजबूत बनाउँछ । व्यक्ति र समाजको अभिन्न अंगको रूपमा रहेको सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको कुरा गर्दा नेपालमा अझै यसको विकास हुनसकेको छैन । सन् २०२२ मा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शान्ति भोलुन्टियर एशोसिएसन र रिड नेपालले गरेको सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको सर्वेक्षण प्रतिवेदनमा ९२८ पुस्तकालयहरूमा २२७ पुस्तकालयहरू मात्र राम्रोसँग अथवा ठिकठिकैसँग सञ्चालन भएको पाइएको छ । यसको मुख्य कारणहरूमा नियम कानूनहरूको अभाव, दिगो आयस्रोत नहुनु, कर्मचारीहरूको व्यवस्था हुन नसक्नु, स्थानीय सरकारको प्राथमिकतामा नपर्नु आदि रहेको छ । तर २०८० को बजेट भाषणमा सामुदायिक पुस्तकालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न प्रदेश र स्थानीय सरकारलाई प्रोत्साहित गरिनेछ भनिएकोले केही आशा त गर्न सकिन्छ । तर यसको लागि समुदायका मानिसहरूले नै अग्रसरता लिनुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहमा एउटा सुविधासम्पन्न सामुदायिक पुस्तकालय स्थापना हुनुपर्दछ । अनि मात्र नेपाली जनताले ज्ञान, सूचना र सीपबाट सुसूचित हुने मौका पाउँछन् । ज्ञान, सूचना र सीपबाट नै जनतामा समृद्धि आउँछ । समृद्ध नेपालको लागि सामुदायिक पुस्तकालय आजको माग हो ।

टोनीले नेपाललाई औधी माया गर्नुहुन्थ्यो । सन् १९८४ देखि उहाँ नेपालमा आउने-जाने गर्नुहुन्थ्यो । टोनीको जन्म १९४३ नोभेम्बर २२ मा अमेरिकाको न्युयोर्कमा भएको थियो । उहाँले शैक्षिक प्रशासनमा विद्यावारिधि गर्नुभएको थियो । टोनी मिथ एण्ड माउन्टेन्ड नामक ट्रेकिङ् कम्पनीको संस्थापक अध्यक्ष पनि हुन् । साथै उनले सन् २००६ मा रिड ग्लोबलको स्थापना गर्नुभएको थियो । उहाँले थुप्रै अन्तर्राष्ट्रिय पुरस्कारहरू पनि पाउनुभएको थियो ।



डा. टोनीका साथ रिड ग्लोबलका कार्यकारी निर्देशक संजना श्रेष्ठ र पूर्व कार्यकारी निर्देशक टिना सबइका ।

सन् २००९ नोभेम्बर २ मा नेपालमा पर्यटन क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको भनेर नेपाल पर्यटन बोर्डले उहाँलाई सम्मान गरेको थियो । सन् २०२० जुलाई ८ मा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले नेपालमा सामुदायिक पुस्तकालयको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएकोले डा. डिल्लीरमण अन्तर्राष्ट्रिय शान्ति पुरस्कारबाट सम्मान गरेको थियो । उक्त सम्मान पत्रमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको दस्तखत रहेको छ भने गौतम बुद्धको कलात्मक मूर्ति मायाको चिनोको रूपमा प्रदान गरिएको थियो ।

टोनीको देहावसानपछि रिड नेपालले एउटा ठूलो अभिभावक गुमाएको त छ तर टोनीको पदचापलाई बुझेर काम गर्न सक्ने रिड ग्लोबल, रिड नेपाल र थुप्रै सामुदायिक पुस्तकालयहरू हामीसित छ । त्यसैले रिड नेपालले भविष्यमा पनि रिड मोडेललाई जीवित राख्नेछ । ■



# टोनीको जुनबेसीमा जन्म र चराङमा पुनर्जन्म

टोनी दिदीकै भनाइमा सन् १९९० मा सोलुखुम्बुको जुनबेसीमा जन्म भएको आधारमा डा.एन्टोनिया न्युवर (टोनी)को जम्मा २३ वर्ष बाँचिन, नेपाली हावापानीमा । र, उनकै अर्को इच्छाअनुसार यदि भैगएमा उनको पुर्नजन्म मुस्ताङको चराङमा हुनेछ।

■ देवेन्द्र भट्टराई

हामी उपल्लो मुस्ताङ जाने रफ्तारमा थियौं । जोमसोम हुँदै मुक्तिनाथ जाने क्रममा बाटोमा पर्ने कोबाङ, थसाङका रिड पुस्तकालय अवलोकन गरेपछि हामी उकालिंदै थियौं । कहिले घोडामा, कहिले पैदल– पुग्नु थियो, लोमान्थाङ !

साथमा थिइन्, उमेरमा ६० नाघेकी अमेरिकी नागरिक डा. एन्टोनिया न्युवर (टोनी) जो आफ्नो उमेर र अवस्था भुलेर मुस्ताङ उकालो लागिरहेकी थिइन् । "मलाई पुनर्जन्मको कुरामा त्यति विश्वास छैन तर, कुनै दिन त्यस्तो जन्म भइहालेछ भने यही जन्मन पाऊँ", टोनीले हिँडिरहेको घोडा रोक्दै भनिन्– "यो ठाउँको नाम के होला देवेन्द्र ? हो, यही ठाउँमा मेरो जन्म (रिबर्थको अर्थमा) होस् !"



पर्दैनथ्यो । 'मेरो उमेरसँग तिमीलाई के लिनु, के दिनु ?' भन्दै जवाफी बन्थिन् उनी ।

सन् १९९० को मध्यतिर पर्यटक बनेर नेपाल आएकी र सोलुखुम्बुको जुनबेसी पुगेर नेपाल-नेपाली सम्झने-सम्झाउने कर्ममा जुटेकी टोनी कसैले ढिपी गरेर सोधिहालेमा भन्थिन्– 'मेरो जन्म (रियल बर्थ) १९९० मे महिनामा भएको हो, सोलुखुम्बुको जुनबेसीमा । त्यस आधारमा उमेर गन्नुहोला !'

जुनबेसी चहारिरहेका बेला आफ्ना पथप्रदर्शक आङदोमी शेर्पाले गरेको अनुरोध र जताएको इच्छाका कारण जुनबेसीमा पहिलो पुस्तकालय खुलेको थियो । त्यही पुस्तकालयको बीउ (बीजारोपण)का आधारमा टोनीको आफ्नो जन्मथलो जुनबेसी बनेको थियो ।

यसरी आजभन्दा ३३ वर्षअघि नेपालमा पदयात्रु बनेर आएकी अमेरिकी हितैषी संवेदना र विवेकका आधारमा यतैकी बनिन् । यही पुस्तकालय शिक्षा र चेतनाको बिगुल फुक्न सन् १९९१ मा स्थापना भएको रिड (रूरल एजुकेसन एण्ड डेभलपमेन्ट) अर्थात् ग्रामीण विकास तथा शिक्षाको अभियान यसरी बढ्यो कि आज नेपालकै एउटा सफल सामुदायिक सचेतनाको उत्सव बनेर रिड नेपाल अघि बढेको छ ।

तिनै हितैषी एन्टोनिया न्यूवर (टोनी) को यो सत्कर्म अहिले देशका ४७ जिल्लामा फैलिएको छ र, पुस्तकालय संख्या पुगेको छ– ७०, प्यूठानको लुपलुङ पुस्तकालय ।

टोनी दिदीसँग झण्डै दुई दशक निरन्तर सम्पर्क भयो, उनी नेपाल आउनासाथै भेटघाट र स-स्नेही जमघटका लागि आतुर हुन्थिन् ।

पछिल्लोपटक अप्रिल २०२३ मा नेपाल भ्रमणमा आउँदा खिचिएको सामूहिक तस्वीर । जुन डा. टोनीका लागि अन्तिम रह्यो ।

त्यो चराङ थियो कि शायद ? कालीगण्डकी नदी सुसाएको सुनिने र अपूर्व पहाडको बीचमा बसेको चराङमा मुश्किलले एक सय जति घरपरिवार बसोबासमा थिए । तिबेतन बौद्ध धर्म बोन-पोको प्रभाव र जतै पनि रंगीचंगी ध्वजापताका ! सानोतिनो फिल्म स्टुडियो जस्तो लाग्ने चराङमा एउटा पुरानो देखिने पसलमा बसेर टोनीले 'ॐ माने पेमे' उच्चारण गरेकी थिइन् । हिजो जस्तै लाग्छ । त्यो थियो मिति, २००९ मे महिनाको सुरुआत ।

मुस्ताङकै कोबाङस्थित भूपी मेमोरियल र थसाङको थाकखोला सामुदायिक पुस्तकालयको अध्ययन-अवलोकनपछि माथिल्लो मुस्ताङ पुगुन्जेल पनि टोनीको मनमा त्यही भूगोलले बास गरेको थियो, त्यो हो चराङ । माथिल्लो मुस्ताङको लोमान्थाङ सामुदायिक पुस्तकालय र स्रोत केन्द्रको उद्घाटन गरेर पोखरा आइसक्दा पनि उनी त्यही चराङ सम्झिरहेकी थिइन् ।

•••

टोनी दिदी जसलाई कसैले उमेर सोधेको पटक्कै मन



सन् २००९ मा लोमाङथाङ सामुदायिक पुस्तकालय मुस्ताङको उद्घाटनका क्रममा डा. टोनी ।



लोमाङथाङ सामुदायिक पुस्तकालय उद्घानका लागि मुस्ताङ जाने क्रममा डा. टोनी ।

पछिल्लो पटक नयाँ पुस्तकालय उद्घाटन गर्नै भनेर उनी गोरखाको ताकुघाट (बारपाक-सुलिकोट गाउँपालिका) आएकी थिइन्– २०२२ अप्रिल २ मा ।

उमेरमा ८० नाघेकी टोनी दिदी ताकुघाट आउँदा एउटा एम्बुलेन्स पनि पछि लागेर आइरहेको थियो । हामीमध्ये धेरैलाई थाहा थिएन– टोनी दिदी क्यान्सर रोगको संक्रमणले अन्तिम स्टेजमा हिंड्दै रहिछन् । अक्सिजनको सानो सिलिन्डर पनि साथैमा थियो ।

उमेर, रोग र अवस्थाका कारण निकै थकित देखिएकी टोनीले सामुदायिक पुस्तकालयको प्राङ्गणमा भेला भएका ताकुकोटवासीमाझ भनिन्– "म जीवनमा सास र आश रहुन्जेल नेपाल आइरहन्छु, यस्तै अर्को नयाँ पुस्तकालयको उद्घाटनमा म आउने वर्ष फेरि आउनेछु । तर, मेरो अनुभवले भन्छ– आत्मनिर्भर (सेल्फ-सस्टेन) हुने उपायमा पुस्तकालय मात्रै होइन, हाम्रो जीवन पनि चल्नुपर्छ । सधैं स्रोत खोजेर वा सहयोग जुटाएर मात्रै केही पनि दिगो हुन सक्दैन । सी यु नेक्स्ट इयर !"

•••

टोनी दिदी ठीक एक वर्षअघि अर्थात् २०२३ को अप्रिलमा नेपाल आइन्, तर जीवनकै अन्तिम इच्छा लिएर । त्यो के भने मृत्युको काउन्ट-डाउन सुरू भइसकेको संकेत पाएर उनी जीवनमा अन्तिम पटक नेपाल आउन चाहन्थिन्, नेपाली माटो र आफन्तको अपनत्व बोध गर्न चाहन्थिन् । नभन्दै ८ अप्रिल, २०२३ मा भक्तपुरको नमूना घरमा सम्पदाविद् रवीन्द्र पुरीले आयोजना गरेको टोनी स्वागतको समारोह जीवनकै अन्तिम सत्संग बनिदियो टोनीका लागि । इच्छा, सपना र योजनाहरू अनन्त हुन्छन् । तर, समयको अगाडि सबै शून्यमा शून्यसरी हुन् ।

'नेपालमै अन्तिम सास फेर्छु भनेर दुई साताअघि काठमाडौं आएकी क्यान्सरग्रस्त एन्टोनिया न्यूवरको अमेरिका घर फिर्ने क्रममा युएईको दुबईमा निधन भएको छ', १६ अप्रिल, २०२३ को डेटलाइनमा एउटा समाचार छापियो । यो खबरको पुष्टि गरेकी थिइन्– रिड ग्लोबलकी कार्यकारी निर्देशक सन्जना श्रेष्ठले अष्ट्रेलियाको सिड्नीबाट ।

अनि, बल्ल मीमांसा सुरू भयो टोनी कृतित्व-व्यक्तित्वको । टोनीको सत्कर्म र सत्प्रयासले अहिले नेपालका ४८ जिल्लामा रिड पुस्तकालय फैलिएको छ र, पुस्तकालय संख्या पुगेको छ– ७०, प्यूठानको लुपलुङ पुस्तकालय । टोनी आफैं प्यूठानको लुपलुङ जान चाहन्थिन्, तर त्यो पूरा भएन ।

नेपाली गाउँघर र किताबप्रेमी जनसाधारणसँगको लगाव कस्तो भैदियो भने टोनीले सुरू गरेको ग्रामीण शिक्षा तथा विकास (रिड)ले अभियानको रूप मात्र लिएन, यसले देश-विदेशमै आत्मनिर्भर पुस्तकालयको सञ्जाल फैलाउनमा मद्दत गर्‍यो ।

पुस्तकालय पनि एकपटक बनाएर स्थानीय समुदायलाई जिम्मा दिएपछि फेरि नियमित



सञ्चालन वा प्रवर्द्धनका कुरामा कुनै प्रकारको आर्थिक सहयोग दिनुनपर्ने आत्मनिर्भर उपायका पुस्तकालय । पनौतीको ज्ञानविकास पुस्तकालय हुँदै गोरखा, ताकुकोटको पुस्तकालय पनि यही आत्मनिर्भरताका नमूना बनिसकेका छन् । स्थानीयको प्रत्यक्ष सहभागितामा आत्मनिर्भर पुस्तकालय सञ्चालन हुँदै आएको यो मोडललाई सन् २००६ मा बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसनले १० लाख डलरको पुरस्कार (रेप्लिकेसन अवार्ड)) प्रदान गरिसकेको छ । यही रेप्लिकेसन अवार्डको बलमा रिड नेपालले भारतको हरियाणा, मणिपुर, राजस्थान, कोलकाता सहित ४५ स्थान र भूटानमा थिम्पू सहित ९ स्थानमा रिड पुस्तकालय सञ्चालनमा ल्याइसकेको छ ।

नेपालमा पुऱ्याएको योगदान तथा शिक्षा-चेतनाको प्रवर्द्धनका निम्ति टोनीलाई नेपाल पर्यटन बोर्डले सम्मान तथा डिल्लीरमण रेग्मी इन्टरनेशनल पिस अवार्ड प्रदान गरिसकेको छ । 'रिडका संस्थापक डा. एन्टोनियाले एउटा पुस्तकालय खोल्ने र छाडिदिने खालको चलनमा नयाँपन दिनुभएको छ । फोटोकपी पसल राखेर हुन्छ वा सटर भाडामा लगाएर, ती पुस्तकालयहरू आत्मनिर्भर हुनैपर्छ भन्ने उदाहरणका कारण उहाँको यो शैलीलाई आज बाहिरी विश्वले सराहना गरेको छ' रिड ग्लोबलकी सन्जनाले भनिन्- 'माछा मारेर होइन, माछा मार्ने बल्छी दिएर टोनी दिदीले शैक्षिक र बौद्धिक जगतमा पुऱ्याएको प्रभावकारी योगदानको सधैं स्तुत्य रहनेछ, नेपाली गाउँघरका निम्ति टोनीको उज्यालो नाम सधैं-सधैं प्रेरणास्वरूप रहिरहनेछ ।'

खोलिएका पुस्तकालय आत्मनिर्भर बनाउने उपायमा कतै सटर भाडा (तेह्रथुम, जुम्ला, बाजुरा) र कतै महिला सहकारी (नुवाकोट) वा सामुदायिक रेडियो (स्याङ्जा) सञ्चालनमा छन । फोटोकपी मेसिन वा एम्बुलेन्स सञ्चालनबाट उठेको रकमबाट पनि पुस्तकालय चलेका छन् । रिड संस्थापक टोनीकै परिकल्पनामा, पुस्तकालय सञ्चालनमा स्थानीयको अपनत्व कायम होस् भन्नाकै लागि स्थानीय समुदायले भवन निर्माणमा जग्गा दिनुपर्ने, महिला सहभागिता (३० प्रतिशत) र जनश्रमदान (१५ प्रतिशत) रहनैपर्ने शर्त उपयोगमा ल्याएको छ । कुनै कार्यक्रम, अभियान वा योजनामा अपनत्व राख्ने एकमात्र उपाय भनेकै यही प्रत्यक्ष सहभागिता हो ।

●●●

टोनीको उत्प्रेरणा, सत्कार्य र अभियान स्पष्ट थियो नै । यस्ता नेपालप्रेमी अभियन्तालाई नेपाल पर्यटन बोर्डले सम्मान गर्ने र पर्यटन अवैतनिक दूत बनाउने प्रचलन छ नै । त्यही भएर रिड नेपालकी तत्कालीन कार्यकारी निर्देशक सन्जना श्रेष्ठबाट एउटा प्रस्ताव आयो– बोर्ड मार्फत टोनी दिदीलाई 'रिकग्निसन' दिलाउने

२००९ को अक्टोबर महिना थियो । टोनी दिदीले नेपालका लागि गरेको पुस्तकालय चेतना र प्रवर्द्धनको कामका अगाडि उनको 'रिकग्निसन' को पक्षमा पहल गर्ने योजना आफैंमा रूचिकर थियो । अनि मैले पर्यटन बोर्डका तत्कालीन सीईओ डा.आदित्य बराललाई भेटें, बोर्डका सञ्चार अधिकृत शरद प्रधान मार्फत । टोनीको सम्मानमा बोर्डको उत्साहप्रद प्रतिक्रिया सुनेपछि लगत्तै नोभेम्बर २ मा दिदीको बोर्डकै कक्षमा निकै उत्साहप्रद सम्मान भयो– रिड नेपालको पुस्तकालय अभियान २० वर्ष पुगेको अवसरमा ।

"अमेरिका त के, म संसारको जुनै कुनामा गएर पनि यो सम्मान र अपनत्व पाउन सक्दिनथें" भन्दै टोनी दिदीले सबै सहभागीका सामु मलाई अँगालो हालिन् । अनि भनिन्– "अमेरिकामा मेरो ट्रेकिङ कम्पनीको नाम मिथ एण्ड माउन्टेन राखेकी छु । तर, मेरो जीवनमा भने यो सुन्दर मुलुकमा आएर म आफैंले 'मिथ' भेटे भैं भएको छ ।"

यसरी टोनी दिदीकै भनाइमा सन् १९९० मा सोलुखुम्बुको जुनबेसीमा जन्म भएको आधारमा डा. एन्टोनिया न्युवर (टोनी) जम्मा ३३ वर्ष बाँचिन्, नेपाली हावापानीमा । र, उनकै अर्को इच्छा अनुसार यदि भइगएमा उनको पुनर्जन्म मुस्ताङको चराङमा हुनेछ ।

लभ यु टोनी ! ■

READ Nepal
Inspiring Rural Prosperity

# अस्ताइन् सामुदायिक पुस्तकालयकी आमा



डा. टोनीका साथ रिड नेपालका उप-निर्देशक चीनकाजी श्रेष्ठ ।

**कतिपय मानिस संसारमै फरक र अद्भुत हुन्छन्, जो आफ्नो परिवार, देश र नागरिकभन्दा माथि उठेर आर्थिक, सामाजिक र शैक्षिक समस्याले ग्रस्त गरिब मुलुकका नागरिकका लागि बरदान बनेका हुन्छन् । तिनैमध्येकी एक हुन्, अमेरिकी नागरिक डा. एन्टोनिया न्युवर ।**

■ चीनकाजी श्रेष्ठ

नेपाल, भारत र भुटानमा सामुदायिक पुस्तकालय विकास र प्रवर्द्धनका पक्षमा उल्लेखनीय योगदान गर्नुभएकी डा. न्यूवर सामुदायिक पुस्तकालयकी आमा नै हुन् ।

नेपाललाई औधी माया गर्ने डा. एन्टोनिया न्युवरलाई हामी मायाले टोनी भनेर सम्बोधन गर्थ्यौं । सन् १९८४ देखि उनी नेपालमा आउने-जाने गर्थिन् । टोनीको जन्म २२ नोभेम्बर १९४३ मा अमेरिकाको न्युयोर्कमा भएको थियो । उनले शैक्षिक प्रशासनमा विद्यावारिधि गरेकी थिइन् । नेपाल जस्तो मुलुकको भ्रमणमा निकै उत्साहित हुने टोनी हरेक वर्ष नेपाल आउने गर्थिन् । त्यसक्रममा सन् १९९१ मा सोलुखुम्बुको जुनबेसी गाउँको भ्रमणमा उनलाई गाइडको रूपमा आङ दोमी शेर्पाले निरन्तर सहयोग गर्दै आएका थिए । यो निरन्तर सहयोग गर्ने शेर्पालाई टोनीले भनिन्- तपाईंले मलाई निरन्तर सहयोग गर्नुभयो, मलाई पनि केही सहयोग गर्न मन छ । जवाफमा शेर्पाले जुनबेसी गाउँमा बालबालिकाले पढ्ने, सिक्ने ठाउँ छैन । त्यसैले एउटा पुस्तकालय खोलेर सहयोग गर्नुभए हुन्थ्यो कि भनेर आग्रह गरे । यसका लागि टोनीले सन् १९९१ मा ग्रामीण शिक्षा तथा विकास नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था स्थापना गरिन् । यही वर्ष जुनबेसी गाउँमा जुनबेसी सामुदायिक पुस्तकालय स्थापना गरियो । यसरी नेपालबाट शुरू भएको पुस्तकालय विकास तथा प्रवर्द्धन अभियान अन्तर्गत हाल भारतमा ५० र भुटानमा ९ पुस्तकालय स्थापना भइसकेका छन् । नेपालमा भने ४३ जिल्लामा ७१ वटा पुस्तकालय स्थापना भइसकेका छन् । यी पुस्तकालयबाट समुदायका लाखौं सदस्यले पढ्ने, सूचना तथा ज्ञान प्राप्त गरेका छन् ।

पुस्तकालयमा समुदायको पहुँचका लागि विभिन्न तरिका अपनाइएको छ । महिलाहरूका लागि लक्षित गरी कैयौं पुस्तकालयमा महिला सहकारी सञ्चालन गरिएका छन् । पुस्तकालय मार्फत जीविकोपार्जनको तालिम पाएका कतिपयले सहकारी मार्फत सहुलियत ऋण लिएर व्यवसाय गरिरहेका छन् । बचत तथा ऋणको कारोबार गर्न पुस्तकालय आउने, अन्य समूहमा बस्ने, महिला सशक्तीकरणका धेरै क्रियाकलापमा सहभागी भई उनीहरूको क्षमता, नेतृत्व विकास भएको छ । युवा नेतृत्व उपसमिति निर्माण गरी, किशोरी समूह बनाई युवाहरूमा कम्प्युटर प्रविधि, नेतृत्व विकास तथा व्यावसायिक सीप प्रदान गर्ने कार्यहरू भइरहेका छन् । बालबालिकाको उज्ज्वल भविष्यका लागि पुस्तक, सिकाइ तथा खेल सामग्री मार्फत पढ्ने बानीको विकास भइरहेको छ । उनीहरूलाई सक्रिय तथा सृजनात्मक बनाउन कथावाचन, चित्रकला तथा नाचगान जस्ता क्रियाकलाप गराउने गरिएको छ । किसानहरूका लागि प्राविधिक सहयोग, मलबीउ सहयोग गर्दै आएको छ । मजदुरहरूका लागि समूहमा बचत तथा ऋण कार्यक्रम, उद्यमशीलता तालिम, जीविकोपार्जन तालिम, वित्तीय व्यवस्थापन तालिम प्रदान गरिनुका साथै व्यवसाय सुरु गर्न सहयोग गरिएको छ । यसका साथै मजदुर हक-अधिकारका पक्षमा आवाज उठाउँदै स्थानीय सरकारसँग उनीहरूको पहुँच विस्तारको काम पनि गर्दै आएको छ ।

मिथ एन्ड माउन्टेन नामक ट्रेकिङ् कम्पनीको संस्थापक अध्यक्ष पनि टोनी नै हुन् । साथै उनको अग्रसरतामा सन् २००६ मा रिड ग्लोबलको कार्यालय अमेरिकामा स्थापना गरिएको हो । उनले थुप्रै अन्तर्राष्ट्रिय पुरस्कार पाएकी थिइन् । सन् २००९ नोभेम्बर २ मा नेपालमा पर्यटन क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको भनेर नेपाल पर्यटन बोर्डले उनलाई सम्मान गरेको थियो । सन् २०२० जुलाई ८ मा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले नेपालमा सामुदायिक पुस्तकालयको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएकोले डा. डिल्लीरमण अन्तर्राष्ट्रिय शान्ति पुरस्कारबाट उनलाई सम्मान गरिएको थियो । यसैगरी ग्रामीण शिक्षा तथा विकास (रिड) ले नेपालको ग्रामीण भूभागमा पुस्तकालय मार्फत शिक्षामा योगदान पुऱ्याएकोले सन् २००६ मा एक्सेस टू लर्निङ् ९ब्अअभकक तय ीभबचलष्लन० पुरस्कार जितेको थियो । क्यान्सर रोगबाट थलिएको अवस्थामा पनि नेपालीले सक्छौं अभियान अन्तर्गत गोरखा जिल्लाको ताकुकोटमा स्थापना भएको ताकुकोट सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको उद्घाटन कार्यक्रममा उनी सहभागी भएकी थिइन् ।

पछिल्लो पटक छोरा र केही पर्यटकका साथ ८ अप्रिल २०२३ मा नेपाल आएकी थिइन् । उनको स्वागतका लागि म, संजना श्रेष्ठ र भोलाकुमार श्रेष्ठ त्रिभुवन अन्तर्राष्टिय विमानस्थलमा पुगेका थियौं । शरीर क्यान्सरले निकै गलिसकेको भए पनि उनको मुहारमा चमक उस्तै थियो । कसैको सहायता लिन मान्दिनथिइन् । भोलिपल्ट बेलुकाको खानाको लागि रिड नेपालले रवीन्द्र पुरीको नमूना घर भक्तपुरमा कार्यक्रम राखेको थियो । उक्त कार्यक्रममा टोनीका पुरानो साथीहरूमा डा. सुरेशराज शर्मा, डा. शंकरराज पाठक सहभागी हुनुहुन्थ्यो । सबैसँग टोनीको घुलमिल र सक्रियता देखेर हामी छक्क पऱ्यौं । आफ्नो छोटो मन्तव्यमा सबैप्रति आभार व्यक्त गर्दै उनले सामुदायिक पुस्तकालयको विकास र विस्तारमा लागिरहने प्रतिबद्धता जनाएकी थिइन् ।

भोलिपल्ट चितवन र गोरखा पुगेर फर्केपछि उनको कार्यक्रम आफूले सोलुखुम्बु जिल्लाको जुनबेसीमा स्थापना गरेको पहिलो सामुदायिक पुस्तकालय जाने थियो । २०७२ सालको भूकम्पले जुनबेसी सामुदायिक पुस्तकालयमा पनि क्षति पुऱ्याएपछि शान्ति भोलेन्टियर एशोसिएसन, जापान सरकारबाट नयाँ भवन बनाइएको थियो । जुन पुस्तकालय हेर्ने टोनीको तीव्र इच्छा थियो । तर अपशोच क्यान्सर रोगले पुनः च्यापेका कारण उनी जान सकिनन् । हुनत उनको अन्तिम इच्छा नेपालमा नै देहत्याग गर्ने भन्ने थियो । तर परिवारका सदस्यहरूको चाहना अमेरिकामा नै फर्काउने भन्ने रहेको र टोनीले पनि अन्तिममा फर्कने कुरा गरेपछि एयर एम्बुलेन्सबाट दुबई हुँदै अमेरिका जाने तय गरियो । जतिबेला उनका छोरा पनि साथमै थिए । नेपालमै देहत्याग गर्ने इच्छा हुँदाहुँदै पनि २०८० साल वैशाख ३ गते दुबईमा उनले देहत्याग गरिन्, मृत शरीर अमेरिका पुऱ्याइयो । जेहोस् आफ्नो जीवनको अन्तिम समयको केही दिन भने उनले नेपालमै बिताउन पाइन् । नेपालमा रहेका आफ्ना पुराना साथीभाइ र रिड नेपालका कर्मचारी अनि बोर्डका सदस्यहरूसँग अन्तिम भेट गरेर उनी अनन्त यात्रामा गइन् । उनको आत्माको शान्तिको कामना गर्दै रिड नेपालले स्वयम्भूमा बौद्ध परम्परा अनुसार १०८ दीप प्रज्ज्वलन गरी स्वर्गवासको कामना गरेको थियो ।

"पुस्तकालय विकास र विस्तारको अभियान टोनीले जसरी शुरु गरेकी थिइन् अहिले आएर यसको मोडल समुदायको माग र आवश्यकता बमोजिम रहेको छ ।"

पुस्तकालय विकास र विस्तारको अभियान टोनीले जसरी शुरू गरेकी थिइन् अहिले आएर यसको मोडल समुदायको माग र आवश्यकता बमोजिम रहेको छ । जुन मोडल समुदायका सदस्यहरूले निकै मन पराएका छन् । यस्ता सामुदायिक पुस्तकालयमा पुस्तकालयका अतिरिक्त बाल कक्ष, युवा कक्ष, महिला कक्ष, श्रव्यदृश्य कक्ष, सूचना सञ्चार तथा प्रविधि कक्ष, विपद् जोखिम न्यूनीकरण कक्ष तथा तालिम हल सहित स्रोत केन्द्रको रूपमा समुदायमा सेवा दिँदै आएका छन् । पुस्तकालयले समुदायस्तरमा विभिन्न परियोजना मार्फत किसान, मजदुर, युवा, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूका लागि आवश्यकता बमोजिम ज्ञान, सूचना तथा सीप प्रदान गर्दै आएको छ । समुदायमा पुस्तकालय मार्फत सामुदायिक भावना, सामूहिक प्रतिबद्धता, समस्या समाधान गर्ने क्षमता तथा अवसर र स्रोतमा पहुँच अभिवृद्धि सम्भव भएको छ । समुदायमा स्थापना हुने सामुदायिक पुस्तकालयको सबैभन्दा सुन्दर पक्ष प्रत्येक पुस्तकालयको आफ्नै आम्दानीका स्रोतहरू छन् । त्यसैले पुस्तकालय निरन्तर रूपमा सञ्चालन सम्भव भएको हो । टोनीको भौतिक उपस्थिति नभए पनि उनको योगदानबाट स्थापना भएका पुस्तकालय दिगो रूपमा जसरी सञ्चालन भएका छन् त्यसैगरी यसको दिगो विकास र विस्तारमा लाग्न हामी प्रतिबद्ध छौं । डा. टोनीको महान् सोच र सपना साकार पार्न यस अभियानलाई निरन्तर अगाडि बढाइरहनेछौं । ■

# सामुदायिक पुस्तकालय अभियानमा
# एन्टोनिया

■ एलबी भण्डारी

**कुनै मानिस संसारमै निकै फरक र अद्भुत हुन्छ शायदै, जसले आफ्नो परिवार, देश र नागरिक भुलेर संसारमा विभिन्न आर्थिक, सामाजिक र शैक्षिक समस्या भएका गरिब मुलुकका मानिसहरूका लागि बरदान बन्छ । यस्तै मध्येकी एक हुन् अमेरिकी नागरिक डा. एन्टोनिया न्युवर, जसले नेपाल, भूटान र भारतमा सामुदायिक पुस्तकालय विकास र प्रवर्धनका लागि ठूलो योगदान पुऱ्याइन् ।**



सन् १९९१ देखि नेपालमा सामुदायिक पुस्तकालय स्थापना, विकास र प्रवर्धन शुरू भयो । शहरमा नभई दूरदराज गाउँहरूमा पुस्तकालयले समुदायलाई सेवा गर्दै आएको छ । यी पुस्तकालयहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता भई संस्थाको रूपमा चलिरहेका छन् । पुस्तकालयको आफ्नै जमिन तथा भवन हुन्छ । भवन पुस्तकालय कक्ष, बाल कक्ष, महिला कक्ष, श्रव्यदृश्य कक्ष, युवा कक्ष, सूचना सञ्चार तथा प्राविधिक कक्ष र तालिम हल सहितको हुन्छ । हरेक कक्षमा सोही अनुसारको अध्ययन गर्ने, सिक्ने र सूचना प्राप्त गर्ने सामग्री हुन्छन् । पुस्तकालयमा आएर गाउँका सबै मानिसले समान पहुँचका साथ सेवा लिने गर्छन् ।

पुस्तकालयमा गाउँका मानिसहरू आएर सेवा लिने मात्र होइन टोल-टोलमा सरकारी सेवा सम्बन्धी कृषि, पशुपालन, विपद् जोखिम न्यूनीकरण, देशमै रोजगारी तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना पनि पाउँछन् । सचेतनामूलक अभिमुखीकरण गर्ने, नेतृत्व विकास, सीपमूलक तालिम प्रदान गर्ने, स्थानीय मौलिक संस्कृति, प्रविधि तथा सामाजिक सहिष्णुताको प्रवर्धन गर्ने कार्य पुस्तकालयहरूले गर्दै आएका छन् । यी सबै कार्यका लागि पुस्तकालयहरूको स्थानीय सरकार तथा विभिन्न सम्बन्धित संघ-संस्थाहरूसँग बलियो समन्वय तथा साझेदारी रहन्छ ।

यसरी नेपाली गाउँमा सेवा प्रदान गर्दै आएको सामुदायिक पुस्तकालयको शुरूआत कसरी भयो भन्ने कुरा हामीले थाहा पाउनैपर्छ । नेपालमा सामुदायिक पुस्तकालय स्थापना, विकास र प्रवर्धनको थालनी गर्ने व्यक्तित्व स्व. एन्टोनिया न्युवर हुन् । उनको जन्म सन् १९४३ नोभेम्बर २२ मा अमेरिकाको न्युयोर्कमा भएको थियो । सन् १९८४ देखि उनी नेपालमा आउने-जाने गर्थिन् ।

उनले शैक्षिक प्रशासनमा विद्यावारिधि गरेकी थिइन् ।

भ्रमणमा निकै उत्साहित हुने टोनी हरेक वर्ष नेपाल आउने गर्थिन् । यसरी भ्रमण गर्ने क्रममा सन् १९९१ मा सोलुखुम्बुको जुनबेसी गाउँको भ्रमणको समयमा उनलाई गाइडको रूपमा आङ दोमी शेर्पाले निरन्तर सहयोग गरेका थिए । यो निरन्तर सहयोग गर्ने शेर्पालाई एन्टोनियाले भनिन्, 'तपाईंले मलाई निरन्तर सहयोग गर्नुभयो, मलाई पनि केही सहयोग गर्न मन छ !'

शेर्पाले भने, 'मलाई सहयोग गर्नेभन्दा पनि यो जुनबेसी गाउँमा एउटा घर बनाएर किताब राखौं । गाउँले, पर्यटक अनि हामी जस्ता मानिसका लागि पढ्ने ठाउँ हुन्छ ।'

त्यसो त टोनीको मनमा राम्रो लाग्यो पुस्तकालय खोल्ने कुरा । यसका लागि एन्टोनियाले सन् १९९१ मा ग्रामीण शिक्षा तथा विकास नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था स्थापना गरिन् । यही वर्ष जुनबेसी गाउँमा जुनबेसी सामुदायिक पुस्तकालय स्थापना गर्ने कार्य भयो । यसरी नेपालबाट शुरू भएको शिक्षा क्षेत्रमा पुस्तकालय विकास तथा प्रवर्धनको अभियान हाल भारत तथा भुटानमा पनि रहेको छ । नेपालमा ४३ वटा जिल्लामा ७० वटा पुस्तकालय स्थापना भइसकेका छन् । समुदायका लाखौं मानिसले पढ्ने, सूचना तथा ज्ञान प्राप्त गरिरहेका छन् ।

एन्टोनिया मिथ एण्ड माउन्टेन नामक ट्रेकिङ कम्पनीको संस्थापक अध्यक्ष पनि हुन् । उनले सन् २००६ मा अमेरिकामा रिड ग्लोबलको कार्यालय पनि स्थापना गरिन् । उनले थुप्रै अन्तर्राष्ट्रिय पुरस्कार पाएकी थिइन् । नेपालमा पर्यटन क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएकाले सन् २००९ नोभेम्बर २ मा नेपाल पर्यटन बोर्डले सम्मान गरेको थियो । सन् २०२० जुलाई ८ मा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले नेपालमा सामुदायिक पुस्तकालयको विकास र विस्तारमा उल्लेखनीय योगदान गरेकाले डा. डिल्लीरमण अन्तर्राष्ट्रिय शान्ति पुरस्कारबाट सम्मान गरिएको थियो । ग्रामीण शिक्षा तथा विकास (रिड) संस्थाले नेपालको ग्रामीण भूभागमा पुस्तकालय मार्फत शिक्षामा योगदान पुऱ्याएकाले सन् २००६ मा १० लाख डलरको एक्सेस टू लर्निङ् पुरस्कार प्राप्त गरेको थियो ।

उनको जीवन यात्रा, उमेर यात्रा र नेपाल यात्रा निरन्तर थियो । उनको स्वास्थ्य कमजोर थियो तर पनि नेपाल यात्रा भनेपछि धेरै खुशी हुन्थिन् । सन् २०२३ अप्रिल ८ मा ७९ वर्षको दौरानमा नेपाल आइन् । उनी आफ्नो परिवार सहित आएकी थिइन् । गोरखा र चितवन जिल्ला भ्रमणपश्चात् सोलुखुम्बुको जुनबेसी यात्रा गर्ने योजना थियो । तर, उनको स्वास्थ्य अवस्था निकै कमजोर भयो र उनी अमेरिका फर्कने क्रममा सन् २०२३ अप्रिल १६ मा दुबईमा उनको निधन भयो ।

## सपना सार्थक

सन् २०२४ अप्रिल १६ उनको वार्षिकी हो । उनको निधनपश्चात् अर्थात् आगामी दिनमा उनले गर्दै आएको पुस्तकालय विकास प्रवर्धन जस्तो महान् कार्य, यो अद्भुत अभियानलाई कसले र कसरी दिगो रूपमा लैजाने भन्ने कुरा सबैभन्दा महत्वपूर्ण छ । एन्टोनियाले स्थापना गरेको रिड संस्थाले पुस्तकालय विकास र प्रवर्धनमा कार्य गर्दै आएको ३२ वर्ष भइसकेको छ । पक्कै पनि रिड ग्लोबल र रिड नेपालले एन्टोनिया नरहे पनि उनको परिवारसँग निरन्तर समन्वय र सहकार्य गनुपर्छ र गर्नेछ । रिड भारत र रिड भुटानले पनि समन्वय र सहकार्य गर्नेछन् । सामुदायिक पुस्तकालयहरूले पनि निरन्तरता दिनुपर्छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार पनि पुस्तकालय र शिक्षा क्षेत्रको विकासमा निरन्तर नयाँ तरिकाले साथ अगाडि बढ्नुपर्छ ।



६ हजार जनसंख्यालाई कम्तीमा एउटा पुस्तकालय हुनुपर्छ भन्ने कुरा हेर्दा नेपालको भौगोलिक अवस्थाका कारण सूचना, ज्ञान र सीप प्राप्त गर्न समुदाय-समुदायमा पुस्तकालय आवश्यक पर्छ । करिब ३ करोड जनसंख्यालाई सेवा पुऱ्याउन पुस्तकालयहरूको अभाव छ । युवा विदेश पलायन रोक्न शिक्षाको महत्व बढाउनुपर्छ ।

“६ हजार जनसंख्यालाई कम्तीमा एउटा पुस्तकालय हुनुपर्छ भन्ने कुरा हेर्दा नेपालको भौगोलिक अवस्थाका कारण सूचना, ज्ञान र सीप प्राप्त गर्न समुदाय–समुदायमा पुस्तकालय आवश्यक पर्छ ।”

नेपाल अझै पनि गरिब मुलुकको रूपमा रहेको छ । शिक्षा क्षेत्रमा विद्यालय शिक्षा, विश्वविद्यालय शिक्षाको गुणस्तर झन्पछि झन् खस्किरहेको विभिन्न नतिजाबाट पुष्टि हुन्छ । ६ हजार जनसंख्यालाई कम्तीमा एउटा पुस्तकालय हुनुपर्छ भन्ने कुरा हेर्दा नेपालको भौगोलिक अवस्थाका कारण सूचना, ज्ञान र सीप प्राप्त गर्न समुदाय-समुदायमा पुस्तकालय आवश्यक पर्छ । करिब ३ करोड जनसंख्यालाई सेवा पुऱ्याउन पुस्तकालयहरूको अभाव छ । युवा विदेश पलायन रोक्न शिक्षाको महत्व बढाउनुपर्छ । पठन संस्कृतिको विकास र सोही बमोजिम व्यावसायिक तथा सीपमूलक शिक्षा आवश्यक छ । सन् २०२२ मा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, रिड नेपाल र शान्ति भोलेन्टियर एशोसिएसनले पुस्तकालयहरूको सर्वेक्षण गरेका थिए । देशभर ९२८ वटा सामुदायिक तथा सार्वजनिक पुस्तकालय रहे पनि सेवा प्रदानमा सक्रिय करिब २२७ पुस्तकालय देखिन्छन् ।

रिड ग्लोबल र रिड नेपालले डा. एन्टोनियाको वार्षिकीको दिन पारी प्युठान जिल्ला नौबहिनी गाउँपालिका वडा नं ८ को लुप्लुङ गाउँमा लुप्लुङ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको निर्माण अभियान शुरू गर्दैछ । यस अभियानमा संघ, प्रदेश र स्थानीय सरकार, नेपाली दाजुभाइ तथा दिदीबहिनी, दातृ निकायका साथै डा. एन्टोनियाको परिवार मिलेर अगाडि बढ्ने नै छौं । लुप्लुङमा बन्ने पुस्तकालय ७२औं पुस्तकालय हुनेछ । पुस्तकालयले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समुदाय, पालिका तथा जिल्लालाई सेवा प्रदान गर्नेछ । डा. एन्टोनियाको सपनालाई साकार पार्न हामी निरन्तर लाग्नुपर्छ । उनीप्रति हार्दिक श्रद्धा सुमन ! ■

# गोदावरीमा खुलेको ज्ञानको खानी

एघार वर्षअघि रिड नेपालले ललितपुरको बडिखेलमा पुस्तकालय स्थापना सहित विभिन्न कार्यक्रम सञ्चालन गरेदेखि नै पुस्तकालयले स्थानीयको मानसपटलमा फरक छाप छोड्न सफल भएको छ ।

■ वशिष्ठ अधिकारी



रिड नेपाल (रिड सूचना तथा स्रोत केन्द्र) काठमाडौँद्वारा तत्कालीन बडिखेल गाविसमा सेवा शुरू गरिएको पुस्तकालय स्रोत केन्द्र गोदावरी नगरपालिका र रिड नेपालको निरन्तर सहयोग र समन्वयबाट सेवा सञ्चालन र विस्तारको आजको अवस्थामा आइपुगेको छ । भाडाको घरबाट सेवा शुरू गरेको पुस्तकालयले हाल शान्ति भोलेन्टियर्स एशोसिएसन (एसभीए) जापान, रिड नेपाल र गोदावरी नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा नवनिर्मित दुईतले पक्की भवनबाट सेवा सञ्चालन गरिरहेको छ ।

दिगो विकास परियोजना अन्तर्गत पुस्तकालयमा विभिन्न कक्षका लागि ८ वटा कोठा र तालिम हलका अतिरिक्त ४ वटा सटर छन् । पुस्तकालय निर्माणको प्रारम्भिक चरणमा अनेकन् अवरोधहरू नआएका होइनन् तर अवरोध गर्नेहरूको शक्ति भन्दा सहयोग गर्नेहरूको साथ बढी भएकाले यो कार्य सम्भव भएको हो । सार्वजनिक जग्गामा निर्मित यस पुस्तकालयलाई जग्गा व्यवस्थापनदेखि नै गोदावरी नगरपालिका कार्यालयले सेवाको अभिन्न अङ्ग मानी निरन्तर सहयोग गर्दै आइरहेको छ ।

ज्ञान, सूचना तथा स्रोतहरूको अधिकतम प्रयोगका माध्यमबाट सीप, क्षमता तथा अवसर सृजना गरी सेवा लिन आउने नागरिकहरूको शैक्षिक, आर्थिक तथा सामाजिक हैसियतमा सकारात्मक अभिवृद्धि गर्ने अभिप्रायका साथ पुस्तकालयले आफ्ना सेवा तथा सहयोग कार्यक्रमहरूलाई समुदायका हरेक वर्ग र समूहमा निरन्तर समर्पित गरिआएको छ ।

सदस्यहरू लगायत पुस्तकालय प्रयोगकर्ताहरूलाई पढ्ने तथा सिक्ने संस्कृतिको विकास गराउँदै सबल, सक्षम र संस्कारिक नागरिक बन्ने वातावरण सृजना गर्न सकियो भने मात्र पुस्तकालय स्रोत केन्द्र आफ्नो लक्ष्य र उद्देश्यमा सफल भएको मानिनेछ । यसका लागि सरोकारवाला सबैको साथ, सहयोग र सहभागिता अपरिहार्य छ ।

२०७० सालमा रिड नेपाल बडिखेल प्रवेश गरी पुस्तकालय स्थापना सहित विभिन्न कार्यक्रमहरू सञ्चालन गरेदेखि नै पुस्तकालयले स्थानीय नागरिकको मानसपटलमा केही छाप छोडेको हो । यस कुराको पुष्टि २०७३ सालमा रिड नेपालद्वारा सञ्चालित पुस्तकालयको आफ्नो परियोजना अवधि सम्पन्न भएपश्चात् स्थानीय समुदायले स्वामित्व ग्रहण गरी सञ्चालन गर्ने वा सामग्री सहित यस स्थानबाट फिर्ता जाने भन्ने विषयमा निरन्तर भएका छलफलबाट स्पष्ट हुन्छ । त्यस समयमा पुस्तकालय यस स्थानमा नरहने हो कि भन्ने आशङ्काले पुस्तकालय प्रयोगकर्ता बालबालिका र केही आमाहरूको आँखामा देखिएको पीडाको आँसुले बोलिरहेको त्यो पल अहिले पनि झलझली सम्झन्छु । गोदावरी नगरपालिका वडा नं. ४ बडिखेलकी नवीना नगरकोटी त्यतिबेला भक्कानिएर रोइन् । जतिबेला पुस्तकालय फिर्ता गर्ने वा निरन्तरता दिने भन्ने विषयमा रिड प्रतिनिधि, स्थानीय सहयोग समिति र सल्लाहकारहरूको भेलामा बहस चलिरहेको थियो । उनको त्यो भावविह्वल अवस्थाले हामी युवाहरूलाई मनमस्तिष्कमा छोयो र हामीले तत्कालै सङ्कल्प गऱ्यौं, पुस्तकालयलाई बडिखेलमा जसरी पनि टिकाउने र अरू नवीनाहरूलाई रूनुपर्ने नबनाउने । तर कसरी ?

त्यस अवस्थामा पुस्तकालय सञ्चालनमा बजेटको जोहो थिएन । घर भाडा, कर्मचारी व्यवस्थापन र पुस्तकालय सञ्चालन खर्चका लागि भए पनि न्यूनतम बजेट नभई हुँदैनथ्यो । एकातिर पुस्तकालयप्रतिको मोह, अर्कातिर सञ्चालनको समस्या । जति फुकाए पनि गाँठो ज्यूँका त्यूँ भने झैं रिड नेपालले स्थानीय समुदायलाई पुस्तकालय सञ्चालनको प्रतिबद्धता सहित स्वामित्व ग्रहण गर्न वा परियोजना फिर्ताको दुई विकल्प प्रस्तुत गऱ्यो । त्यो असमञ्जस्यताको अवस्थामा भेलाले मलाई (तत्कालीन समयमा रिड नेपालको स्थानीय सहयोग समितिको सल्लाहकारको रूपमा आबद्ध थिएँ) नेतृत्व लिनका लागि प्रस्ताव गऱ्यो । मैले तत्कालै त्यसै निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य उदयशमशेर राणा (नेपाल सरकारका अर्थराज्य मन्त्री थिए), नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र उपप्रमुख मुना अधिकारीसँग विशेष समन्वय गरी नेतृत्व लिने निर्णय सहित परिआउने जुनसुकै परिस्थितिलाई स्वीकार्दै पुस्तकालय सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरें । यसरी सबैको साथ-सहयोग, हौसला र आँटले नै



गोदावरी सामुदायिक पुस्तकालय स्रोत केन्द्रलाई विधिवत् स्थापित गर्न सफल भएका हौं । प्रारम्भिक चरणमा नगरपालिका कार्यालयको केही आर्थिक सहयोग, रिड नेपालको कार्यक्रम सहयोगबाट निरन्तर अगाडि बढेको पुस्तकालयका थप क्रियाकलाप, भवन निर्माण प्रक्रिया र गतिविधिहरूलाई यसै पुस्तकमा क्रमशः समेटिएको छ ।

पुस्तकालय आजको अवस्थामा आइपुग्न सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाहरू विशेषतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा निर्देशनालय बागमती प्रदेश, गोदावरी नगरपालिका कार्यालय, वडा कार्यालय, रिड नेपाल, रिड ग्लोबल, शान्ति भोलेन्टियर एशोसिएसन जापान, संघीय सभा तथा प्रदेश सभाका माननीयहरू, एचएम कन्स्ट्रक्सन, आभा एण्ड ईभा कन्स्ट्रक्सनका साथै प्राविधिक मित्रहरू, कार्यसमितिका साथी, सल्लाहकार सदस्यज्यूहरू, उपसमितिका साथीहरू, स्थानीय विद्यालय तथा क्याम्पसहरू, गोदावरी साहित्य परिषद् लगायत संघ-संस्थाहरू, परिवार तथा आफन्तजन र साथीभाइहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । पुस्तकालय भवन निर्माण गर्ने क्रममा प्राविधिक सहयोग गर्ने मित्र ई.उमेश सिलवाल तथा भवन निर्माण व्यवस्थापन समितिका अध्यक्ष नवराज न्यौपानेप्रति विशेष आभारी छु ।

# नेपालमा सामुदायिक पुस्तकालय र
# डा. एन्टोनिया

पुस्तकालय ज्ञान केन्द्र हो । पुस्तकालय सूचना, सञ्चार र प्रविधि केन्द्र हो । पुस्तकालय शक्ति केन्द्र हो । पुस्तकालय निरन्तर सिकाइ केन्द्र हो । पुस्तकालय जनताको खुल्ला विश्वविद्यालय हो । विश्वमा सबभन्दा बढी भनिएको शब्द हो, पढ्नुपर्छ । त्यसका लागि सबैभन्दा उपयुक्त थलो पुस्तकालय नै हो । पुस्तकालयमा कुनै पनि पर्खाल हुँदैन । ज्ञान आर्जन गर्ने प्रयोगकर्ताहरू निर्बाध रुपमा यो पर्खाल विनाको घरभित्र प्रवेश गर्न र चाहेको ज्ञान आर्जन गर्न सक्छन् ।

■ भरत खड्का



पुस्तकालय ज्ञान केन्द्र हो । पुस्तकालय सूचना, सञ्चार र प्रविधि केन्द्र हो । पुस्तकालय शक्ति केन्द्र हो । पुस्तकालय निरन्तर सिकाइ केन्द्र हो । पुस्तकालय जनताको खुल्ला विश्वविद्यालय हो । विश्वमा सबभन्दा बढी भनिएको शब्द हो, पढ्नुपर्छ । त्यसका लागि सबैभन्दा उपयुक्त थलो पुस्तकालय नै हो । पुस्तकालयमा कुनै पनि पर्खाल हुँदैन । ज्ञान आर्जन गर्ने प्रयोगकर्ताहरू निर्वाध रूपमा यो पर्खाल विनाको घरभित्र प्रवेश गर्न र चाहेको ज्ञान आर्जन गर्न सक्छन् ।

भनिन्छ कुन मुलुक कति विकसित छ भन्ने कुरा त्यस मुलुकमा स्थापना भएका पुस्तकालयलाई नियाल्दा स्पष्ट हुन्छ । शिक्षालाई स्वतन्त्र, निष्पक्ष र सम्मानजनक रूपमा प्रवाह गर्ने विभिन्न माध्यममध्ये सबैभन्दा सहज र सरल माध्यम पुस्तकालय हो । त्यसैले मुलुकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्ने पवित्र संस्था मानिन्छ पुस्तकालयलाई । पुस्तकालय सूचनाको बैंक हो, ज्ञानको भण्डार हो, अनि गाउँ-शहरको शोभा पनि हो । पुस्तकालय सरस्वतीको मन्दिर हो । शिक्षा पाउनु नागरिकको मौलिक अधिकार हो । शिक्षा जीवनयापनको आधारभूत तत्व पनि हो । जीवनपर्यन्त शिक्षा, सभ्य अनि ज्ञानमा आधारित समाज निर्माण र समाजको दिगो विकासका लागि पुस्तकालयको अहम् भूमिका हुन्छ । पुस्तकालय पुस्तक भण्डार मात्र नभएर ज्ञानको भण्डार, सीप विकास, धारणामा परिवर्तन र सामाजिक भावना विकास गर्ने केन्द्र हो । साथै पुस्तकालय विकासको संवाहक र शान्ति प्राप्त गर्ने प्रमुख थलो पनि हो ।

नेपालमा सार्वजनिक र सामुदायिक गरी दुई



किसिमका पुस्तकालय छन् । सामुदायिक पुस्तकालयको चर्चा गर्दा डा.एन्टोनिया न्युवरको योगदान कसैले पनि बिर्सन सक्दैन । यस्तो पवित्र संस्था सामुदायिक पुस्तकालयको शुरूआत गर्ने व्यक्ति हुनुहुन्छ अमेरिकी नागरिक डा. एन्टोनिया न्युवर, जसले नेपाल, भुटान र भारतमा सामुदायिक पुस्तकालयको विकास र प्रवर्द्धनका लागि उल्लेखनीय योगदान पुऱ्याउनुभएको थियो । सन् १९९१ देखि नेपालमा सामुदायिक पुस्तकालय स्थापनाका साथै विकास र विस्तारको शुरूआत भएको पाइन्छ । यसको शुरूआत गर्ने अमेरिकी नागरिक डा. एन्टोनियालाई व्यक्तिगत रूपमा म चिन्दिनँ । उहाँको बारेमा राम्रोसँग नजानेको भए पनि उहाँको पवित्र अभियानसँग जोडिएको छु । साथै, उहाँले शुरू गरेको अभियानको संस्थागत विकास र विस्तारको काममा जोडिएर सामुदायिक पुस्तकालय अभियानकर्मीको रूपमा काम गर्दैछु । म जोडिएको संगम सामुदायिक पुस्तकालय जसको उद्घाटन उहाँले नै गर्नुभएको थियो ।

उहाँको अभियानलाई निरन्तर समुदायसँग जोड्दै सामुदायिक पुस्तकालयको विकास र विस्तारको अभियानमा प्रतिबद्ध छु । सामुदायिक पुस्तकालय भनेका बलियो नागरिक संगठन हुन् । त्यस्ता सामुदायिक पुस्तकालयहरू आम नागरिकले सरल र सहज रूपमा आफूलाई चाहिएको सूचना, सञ्चार, ज्ञान, सीप, प्रविधि र शक्ति पाउने संस्थाको रूपमा स्थापित छन् । सामुदायिक पुस्तकालय भनेका निरन्तर सिकाइ केन्द्र हुन् ।

डा. न्युवरले नेपालमा यस्तो पवित्र संस्थाको शुरूआत गरेर ठूलो योगदान पुऱ्याउनुभयो । उहाँको उच्च सम्मान गर्दै सामुदायिक पुस्तकालयको विकास र विस्तारमा निरन्तर लागिरहने प्रतिबद्धता समेत व्यक्त गर्दछु । एकजना अमेरिकी नागरिकले शुरू गरेको यो पवित्र काममा जोडिन पाउँदा गर्व लागेको छ । नेपालमा पठन संस्कृतिको विकास ठप्प हुनुको एउटै कारण हो, नेपालमा अत्यन्तै कम संख्यामा पुस्तकालय हुनु । नेपाली समाजमा पुस्तकालयको चर्चा परिचर्चा ज्यादै कम हुने गरेको छ । पढ्ने, लेख्ने, ज्ञान आर्जन गर्ने र त्यही ज्ञान र विषयको आधारमा बहस गर्ने संस्कृति छैन । नेपाली समाज जुन रूपले विकास हुनुपर्ने हो हुनसकेको छैन । त्यसैले नेपालमा सामुदायिक पुस्तकालयको विकास र विस्तार जरूरी छ । पुस्तकालयको विस्तार गरी

मे २०२२ मा टाकुकोट सामुदायिक पुस्तकालय उद्घाटनका क्रममा डा. टोनी ।

दिव्यज्योति सामुदायिक पुस्तकालय चितवनमा डा. टोनीलाई स्वागत गर्दै ।





संगम सामुदायिक पुस्तकालय ।

पठन संस्कृति अघि बढाउनुपर्छ । संगम सामुदायिक पुस्तकालयले यसको संयोजन र नेतृत्व गर्दै अगाडि बढ्ने आफ्नो कार्यनीति बनाएको छ ।

## संगम सामुदायिक पुस्तकालय

आफ्नो गाउँ, आफैं बनाउँ भन्ने मनमोहन अधिकारी सरकारले ल्याएको अवधारणा पछि आ–आफ्नो ठाउँमा टोल सुधार र टोल विकास समिति/संस्थाहरूको स्थापना भएको देखिन्छ । संगमटोल सुधार समिति पनि यसैको उपज हो । संगम टोल सुधार समितिले स्थापनामा प्रमुख रूपमा तीनवटा विषयमा अभियान सञ्चालन गरेको थियो, सामाजिक सद्भाव, भाइचारा, मराउ–पराउ सहयोग अभियान, आर्थिक समृद्धि सहकारी र निरन्तर शिक्षा अर्थात् पुस्तकालय । संगमटोल सुधार समितिले देउसीभैलो खेलेर जम्मा गरेको रकमबाट १० धुर जग्गा खरिद गरेको थियो । समितिले उक्त जग्गा निरन्तर शिक्षाका लागि पुस्तकालय स्थापना गर्ने पवित्र उद्देश्यले संगम पुस्तकालयलाई उपलब्ध गराएको थियो । उक्त जग्गामा स्थानीय नागरिकको पहलकदमी, उत्साहजनक साथ–सहयोग र सहभागिता साथै रिड नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा पुस्तकालय स्थापना गरिएको हो । ११ कात्तिक २०६० मा भएको प्रारम्भिक भेलाले संगम टोल सामुदायिक टोल सुधार समिति गठन गर्‍यो, मोहनबहादुर कार्कीको नेतृत्वमा । १४ दिनपछि २५ पुस २०६० मा जिल्ला प्रशासन कार्यालय उदयपुरमा संगम सामुदायिक पुस्तकालय विधिवत् दर्ता भएको हो ।

> “संगम सामुदायिक पुस्तकालयको क्रियाशीलताले डा. एन्टोनियाले शुरु गरेको सामुदायिक पुस्तकालयको विकास र विस्तारलाई निरन्तरता मात्र हैन बढोत्तरी र अझ संस्थागत गरेको छ ।”

### संगम पुस्तकालयको सन्देश वा प्रतिबद्धताः

समृद्ध पुस्तकालयः सुदृढ समाज र समयानुकूल सेवा सामाजिक जीवनमा सँगैसँगै संगम पुस्तकालयका दुई लाइन कार्यनीति/दुई लाइन अवधारणाः

१. पुस्तकालयको आन्तरिक जीवनः संगम पुस्तकालयले आफूलाई समृद्ध पुस्तकालय, नमूना पुस्तकालय तथा स्रोत केन्द्रको रूपमा विकास गर्ने साथै समयानुकूल सेवा र सामाजिक जीवनमा सँगैसँगै भन्ने अवधारणा अनुसार काम गर्ने कार्यनीति तय गरेको छ ।

२. संयोजन र नेतृत्वदायी भूमिकाः पुस्तकालयको विकास र विस्तारका लागि आफू जस्तै पुस्तकालयहरूको खोजी, पहिचान, संजालीकरण, संयोजन र नेतृत्व साथै सिकाइ, अनुभव, अनुभूति र अवसरको आदानप्रदान गर्ने–गराउने ।

'पढौं, पढाऔं निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं' भन्ने सन्देशको साथ जीवनपर्यन्त शिक्षा र सुदृढ, सबल समाजका लागि समृद्ध पुस्तकालयको निर्माण गर्ने र एक केन्द्र एक नमूना पुस्तकालयको विकास र विस्तार गर्ने । स्थापित पुस्तकालयहरूको सञ्जालीकरण गर्दै पुस्तकालयमैत्री नीति तथा कार्यक्रम निर्माणका लागि सबै सरोकारवालामा ध्यानाकर्षण, दबाब, वकालत र पैरवी तथा समन्वय, सहकार्य गर्ने–गराउने ।

यो प्रयासका साथ संगम सामुदायिक पुस्तकालय क्रियाशील छ । यो क्रियाशीलताले डा. एन्टोनियाले शुरू गरेको सामुदायिक पुस्तकालयको विकास र विस्तारलाई निरन्तरता मात्र हैन बढोत्तरी र अझ संस्थागत गरेको छ । ■

*खड्का संगम सामुदायिक पुस्तकालय गाईघाट, उदयपुरका अध्यक्ष हुन् ।*

# तस्वीरमा डा. एन्टोनिया





भुवानी सामुदायिक पुस्तकालय, चितवन ।


दिव्यज्योति सामुदायिक पुस्तकालय, चितवन ।


ज्ञानविकास सामुदायिक पुस्तकालय, पनौती ।


जनजागरण सामुदायिक पुस्तकालय, नुवाकोट ।



जनजागरण सामुदायिक पुस्तकालय, नुवाकोट ।




ट्याग किशोरीहरूका साथ ।



परिवारका सदस्यहरूका साथ ।



छोराका साथ ।



छोरी मेलिसाका साथ ।









परिवारका सदस्यका साथ ।


डा. सुरेशराज शर्मा, शान्ति बस्नेतका साथ ।


लोमाङथाङ सामुदायिक पुस्तकालय उद्घाटनका कार्यक्रम ।


थाक सामुदायिक पुस्तकालय उद्घाटनका क्रममा मुस्ताङमा ।






सन् २००९ मा नेपाल पर्यटन बोर्डको सम्मान ग्रहण गर्दै ।





ट्याग किशोरीहरू ।



सन् २०१७ मा नेपाल भ्रमणका क्रममा डा. सुरेशराज शर्मा, डा. शंकरराज पाठक,डा. मोहर भट्टराईलगायत ।




ताकुकोट सामुदायिक पुस्तककालय गोरखाको उद्‌घाट समारोह ।





# सम्झनामा
# सामुदायिक पुस्तकालयकी जननी

## हृदय छुने विरासतको सम्मानमा

■ **चिनकाजी श्रेष्ठ, उपनिर्देशक रिड नेपाल**

मैले फेरि एक पटक निकै दुःख महसुस गरिरहेको छु । यस्तो खालको दुःख पहिलो पटक त्यतिबेला महसुस गरेको थिएँ, जतिबेला म मेरा माता-पिताका लागि दुःखी थिएँ, अहिले म तपाईंलाई त्यही हिसाबले स्मरण गरिरहेको छु ।

म, मेरो परिवार र देशका लागि तपाईंको योगदान अथाह छ, जुन कहिल्यै बिर्सिइने छैन । तपाईंको विरासत त्यो अविश्वसनीय चिजको प्रमाण हो, जुन कडा मिहिनेत, समर्पण र परिवर्तनको प्रतिबद्धताका माध्यमबाट मात्र हासिल गर्न सकिन्छ ।

म तपाईंलाई आश्वस्त पार्न चाहन्छु कि, तपाईंका सपना म जीवित राख्नेछु । म तपाईंको विरासतलाई



सम्मान गर्न र तपाईंले शुरू गर्नुभएको कार्य जारी राख्न प्रतिबद्ध छु । तपाईंको प्रभावले मेरो जीवनमा एक अमिट छाप छाडेको छ र दृढ संकल्पको शक्तिका बारेमा तपाईंले सिकाएको पाठलाई कहिल्यै बिर्सने छैन । र, तपाईंको योगदानले भावी पिंढीलाई प्रेरित गरिरहनेछ ।

# सधैं मेरो मन र मस्तिष्कमा

■ साजन थापा



मैले पहिलो पटक टोनीलाई सन् २००५ को चाडबाडका बेला रिड नेपालमा भेटेको थिएँ । उहाँ सबै रिड कर्मचारीका लागि उपहारले भरिएको ब्याग लिएर आउनुभएको थियो । मलाई अहिले पनि याद छ, कसैबाट आफ्नो पहिलो उपहार पाएर मलाई कति खास महसुस भएको थियो भनेर । टोनीले एक अभिभावकका रूपमा ममाथि एक अमिट छाप छाड्नुभएको छ । मैले त्यसपछि टोनीका साथमा निकै समय बिताएँ । नेपालका विभिन्न ग्रामीण क्षेत्रमा घुमें र उहाँसँग नेपाली लोकगीतका बारेमा छलफल गरें । सामुदायिक पुस्तकालयको माध्यमबाट समुदायसँग काम गर्ने उहाँको समर्पणले मलाई २० वर्षसम्म रिडका साथ काम गर्न प्रेरित गर्‍यो र म उहाँको भिजनलाई अझै निरन्तरता दिनेछु ।

म टोनीका प्रति समुदायको अपार सम्मान र मायाको साक्षी हुँ, जसलाई कुनै पनि व्यक्तिले आफ्ना जीवन र भिजन विना आर्जन गर्न सक्दैन । टोनी सदा मेरो मन र मस्तिष्कमा बस्नुहुनेछ ।





# सामुदायिक विकासप्रति दृढता र समर्पण

■ कविता श्रेष्ठ

सामुदायिक विकासप्रति उहाँको दृढता र समर्पण फरक छ । उहाँ लाखौं मानिसको जीवनमा परिवर्तन ल्याउनका लागि एक रत्न हुनुहुन्थ्यो, मेरा लागि उहाँ सदा प्रेरणा रहनुहुनेछ ।

म सामुदायिक पुस्तकालयकी एक प्रेरक जननीको निधनप्रति गहिरो दुःख व्यक्त गर्न चाहन्छु । तपाईंको योगदान सदा मनमा सजाइनेछ । हामी तपाईंको विरासतलाई नयाँ उचाइमा लैजान प्रतिबद्ध छौं ।

म यस कठिन दुःखको घडीमा तपाई र तपाईंको परिवारका लागि प्रार्थना गरिरहेकी छु ।





# तपाईंको विरासतलाई अघि बढाउनेछौं

■ **अर्जुन महर्जन**

सामुदायिक पुस्तकालयका माध्यमबाट लाखौं मानिसलाई प्रेरित गर्न र समुदायलाई उत्कृष्ट बनाउन जीवनका ३३ वर्ष समर्पित गर्नु एक अकल्पनीय उपलब्धि हो । जब मैले २००८ मा रिडका लागि स्वयंसेवा गर्न शुरू गरें, मैले पुस्तकालयलाई घरको किताबभन्दा बढी सम्झेको थिइनँ ।

तर, जति-जति समुदाय र रिडको काममा संलग्न हुने क्रम बढ्दै गयो, म समुदायका लागि पुस्तकालयको महत्व थाहा पाएर आश्चर्यचकित भएको थिएँ । जुनबेसीको एक सानो गाउँमा शुरू भएको पहलपछि पूरै नेपालमा ७० सामुदायिक पुस्तकालय बने, जसबाट नेपालमा २५ लाख मानिस र भारत र भूटानमा पनि लाखौं मानिसमा पहुँच पुगेको छ ।

मलाई तपाईंको निधनबाट गहिरो दुःख लागेको छ । तर, तपाईंको जीवनले हामीलाई नेपालमा समुदायको भलाइका लागि काम गर्न प्रेरित गरेको छ । पुस्तकालयप्रति तपाईंको अटुट दृढता हाम्रो अभियान रहनेछ । हामी रिडप्रति पूर्ण रूपमा समर्पित छौं र तपाईंको विरासतलाई अघि बढाउनेछौं । तपाई हामीबीच नभए पनि हाम्रो मनमा सदा जीवित रहनुहुनेछ र हामी ती लाखौं मानिसका मुस्कानमा तपाईंलाई देख्नेछौं, जो रिडसँग जोडिएका छन् ।



# टोनीप्रति सम्मान: सामुदायिक पुस्तकालयकी जननीको एक विरासत

■ **एलबी भण्डारी**

टोनी एक असाधारण व्यक्ति हुनुहुन्थ्यो, जसले सन् १९९१ मा नेपाल, भारत र भूटानमा सामुदायिक विद्यालयको स्थापना र प्रचारप्रसारका लागि आफ्नो जीवन समर्पित गर्नुभयो । उहाँको अटुट प्रतिबद्धता र अथक् प्रयासले १४५ गाउँ र २५ लाखभन्दा बढी मानिसको जीवनलाई प्रभाव पारेको छ ।

सूचना, सीप र ज्ञानसम्म पहुँच प्रदान गर्ने उहाँको दृढताले समुदायको प्रगतिका बाधक हटाउन सक्षम बनायो । सामुदायिक पुस्तकालयको माध्यमबाट महिला, बालबालिका, वृद्धवृद्धा, किसान, युवा, अपांगता भएका सहित समाजका सबै क्षेत्रका मानिसलाई आफ्नो जीवनमा सकारात्मक परिवर्तन गर्नका लागि सशक्त बनायो । यी पुस्तकालयले समुदायका समस्याका रूपमा रहेका सामाजिक अन्याय तथा गरीबीको सामना गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । टोनीको विरासत भावी पिंढीलाई पनि प्रेरित गरिरहनेछ । समुदायको हितका लागि उहाँको अटुट समर्पणका लागि हामी आभारी छौं । वास्तविक समर्पण र दृढता कस्तो हुन्छ, यो प्रमाणित गरेकोमा टोनीलाई धन्यवाद ।

सन् २०२३ को अप्रिल ९ मा मैले उहाँलाई रिड नेपालमा अन्तिम पटक भेट्ने मौका पाएको थिएँ । १६ अप्रिलका दिन उहाँ अचानक कहिल्यै नफर्कने यात्रामा हिंडेपछि हामी स्तब्ध छौं । यस्तो लागिरहेछ, सुनामीले हामीमाथि आक्रमण गरेको छ ।

टोनीले ७९ वर्षको उमेरसम्म एक समृद्ध र सन्तोषजनक जीवन जिउनुभयो । सामुदायिक पुस्तकालयमा आफ्नो कामको माध्यमबाट अर्को व्यक्तिको जीवनलाई उत्कृष्ट बनाउनका लागि आफ्नो जीवन समर्पित गर्नुभयो । हामीले उहाँका सबै उपलब्धिका लागि श्रद्धाञ्जली दिनुपर्छ र यो सुनिश्चित गर्नुपर्छ कि उहाँको विरासत जीवित रहोस् । उहाँको अभियान अगाडि बढाउने र मानिसहरूका जीवनमा सार्थक प्रभाव परोस् भन्ने सुनिश्चित गर्ने कार्य हामी र हाम्रा नयाँ पुस्तामाथि निर्भर रहन्छ ।

उहाँको निधनप्रति दुःख त छ नै तर हामीले यसलाई ऊर्जामा परिवर्तन गर्नुपर्छ, जसले टोनीले शुरू गरेको महत्वपूर्ण कार्य जारी राख्नका लागि प्रेरणा बनोस् ।

मैले एक व्यक्तिका रूपमा रिडमा १६ वर्ष बिताएँ र आगामी वर्ष संस्थाको अभियानमा अझै काम गर्न प्रतिबद्ध छु । टोनीको आत्माले हामीलाई सधैं प्रेरित गरिराख्नेछ, समुदाय र सबै मानिसलाई ज्ञानको पहुँच र उहाँको दृष्टिकोण पुऱ्याएर विरासतको सम्मान गर्ने अथक् प्रयास गर्नेछौं ।

READ Nepal
Inspiring Rural Prosperity

## अद्भुत महिलाप्रति विशेष सम्मान

**नवीन सुब्बा**

यस सुन्दर देश नेपालमा सामुदायिक पुस्तकालयको विकासमा विशेष योगदानका लागि यी अद्भुत महिलाप्रति हाम्रो विशेष सम्मान ।

तपाईंको निधनले रिड नेपाल र पूरै नेपालमा सामुदायिक पुस्तकालयलाई अपूरणीय क्षति भएको छ । रिड र यसका सरोकारवाला तपाईंको सपना र भिजनलाई साकार गर्न पूर्ण प्रयासरत रहनेछन् । तपाईंको सुन्दर आत्मालाई शान्ति मिलोस् । नेपालीप्रति तपाईंको समर्पण र मायाका लागि धन्यवाद दिन चाहन्छु ।

## पर्यटन उद्योगलाई चिनाउने

**कविराम बाँठा मगर**

जनवरी २०२२ मा रिडमा सहभागी भएयता, मैले टोनीसँग दुई पटक भेट्ने अवसर पाएँ । मैले पढेर र सहकर्मी मार्फत उहाँका बारेमा जान्ने अवसर प्राप्त गरें । म वास्तवमा उहाँको नेतृत्व क्षमता र सामुदायिक पुस्तकालयका माध्यमबाट नेपाली समुदायको विकासमा उहाँले गर्नुभएको अविश्वसनीय योगदानबाट प्रभावित छु । यसका साथै, प्राज्ञिक र सामाजिक क्षेत्रका माध्यमबाट उहाँले नेपालको पर्यटन उद्योगलाई पनि विश्वमा चिनाउनुभएको छ । उहाँ भौतिक रूपमा नरहे पनि उहाँको सम्झना र उहाँले दिनुभएको योगदान हाम्रो मुटु र मस्तिष्कमा सदा रहनेछ । भगवान्ले उहाँको आत्मालाई शान्ति देउन् । म उहाँको परिवार र शुभेच्छुकप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु ।

## रच्नुभएको इतिहास सदैव जीवित

**अमृत पोखरेल**

रिड, केवल रिड नभई विकासको मोडल हो । ट्रेन्ड र प्रविधिको आयामका साथसाथै यो प्रासंगिक बनिरहनेछ । यसका लागि आवश्यक पृष्ठभूमि तयार भइसकेको छ । यस पृष्ठभूमिमा टोनी एक अविस्मरणीय नाम हो, जसले नेपालमा सामुदायिक पुस्तकालयको बीजारोपण गर्नुभयो र त्यसलाई हुर्काउनुभयो । उहाँले नेपाली समाजलाई ठूलो ऋण लगाउनुभएको छ । यसका लागि उहाँको जैविक र सामाजिक वंशजहरूले निरन्तर सहयोग गरे । उहाँको विरासत जारी रहनेछ र यस अर्थमा उहाँको सही अर्थमा सम्मान हुनेछ । यस दु:खद् घडीमा उहाँको परिवारमा शक्ति मिलोस् । उहाँले जो इतिहास रच्नुभएको छ, त्यो सदैव जीवित रहनेछ ।



## शिक्षा र महिला सशक्तीकरणमा अविश्वसनीय काम

**लक्ष्मी लोप्चन तामाङ**

तपाईंको विछोडले हामी दु:खी छौं र हामी सदा तपाईंको साथमा रहनेछौं । तपाईंले हाम्रा लागि सुन्दर याद छाडेर जानुभएको छ । नेपालमा शिक्षा र महिला सशक्तीकरणको क्षेत्रमा अविश्वसनीय कामका लागि हामीलाई मार्गदर्शन र प्रेरित गरेकोमा तपाईंलाई धन्यवाद ।

हामी रिड परिवार तपाईंको सपना पूरा गर्नका लागि प्रयास गर्नेछौं । तपाईंको सुन्दर आत्मालाई शान्ति मिलोस् ।

## सीमान्तकृत समुदाय कृतज्ञ छन्

**कान्छामान**

प्रिय टोनी मेडम,

तपाईंको प्रभावका कारण नेपालमा सीमान्तकृत समुदायका म जस्ता मानिसका लागि सामुदायिक पुस्तकालयको माध्यमबाट पढ्ने बानीको विकास भएको छ, जसले हामीलाई आफ्नो लक्ष्य प्राप्त गर्नका लागि प्रेरित र मार्गदर्शन गरेको छ । मलाई भन्दा पनि अधिक तपाईंको योगदानलाई अत्यधिक महत्व दिइनेछ, यसको सराहना गरिनेछ तथा यसबाट मेरो समुदाय र भावी पिँढीलाई धेरै लाभ हुनेछ ।



पनि निराश बनाउँथ्यो, साक्षरता र शिक्षाका लागि पूर्वाधारको कमी । आफैं किताब पढ्ने बानी भएकाले, यो एक यस्तो चिज हो, जसले हामीलाई सुन्दर जीवन जिउन सहयोग गर्छ, हाम्रो ज्ञान र बुद्धि बढाउँछ । ग्रामीण इलाकामा रिड र यसका सामुदायिक पुस्तकालयको बारेमा थाहा पाएर म निकै खुसी भएँ । इमानदारी साथ भन्छु, मसँग यसलाई व्यक्त गर्न पर्याप्त शब्द छैनन् ।

टोनीले यस अभियानको कल्पना गर्नुभयो र हामी यसलाई खेर फाल्न दिनेछैनौं । उहाँको विरासत अनन्तकालसम्म रहनेछ । यद्यपि, उहाँको भौतिक शरीर हाम्रो साथमा छैन । तर, मलाई लाग्छ, उहाँले स्वर्गबाटै हाम्रो मार्गदर्शन गरिरहनुहुनेछ । एक संरक्षक देवदूत ।

## जबर्जस्त विरासत

■ **दीक्षा अधिकारी**

रिडकी जननीको निधनका बारेमा सुनेर मलाई निकै दुःख लाग्यो । कृपया यो कठिन घडीमा मेरो हार्दिक समवेदना स्वीकार गर्नुहोस् र हामीले सामुदायिक पुस्तकालयको जननी, एक अविश्वसनीय महिलालाई गुमाएका छौं । उहाँ वास्तवमा धेरै मानिसका लागि प्रेरणा हुनुहुन्थ्यो र उहाँको विरासत ती अनगिन्ती मानिसका माध्यमबाट जीवित रहनेछ, जसले उनीहरूलाई छोएको छ । उहाँको निकै याद आउनेछ र उहाँले आफू गए पनि एक जबर्जस्त विरासत छोड्नुभएको छ, जसले आगामी वर्षमा प्रेरित र मार्गदर्शन गर्नेछ । गहिरो सहानुभूतिका साथ !

## हाम्रो जीवनको उज्यालो

■ **शान्ति पुन मगर**

तपाईंको निधनको खबरले म निकै दुःखी छु । तपाई हाम्रो जीवनको उज्यालो हुनुहुन्थ्यो । तपाईंको प्रेरणा विश्वलाई सुन्दर तरिकाले प्रभावित गरिरहनेछ । रिड नेपाल परिवार शिक्षाको क्षेत्रमा तपाईंको अमूल्य योगदानलाई सदा हृदयमा राख्नेछ । हामी तपाईंको विचार र यादलाई सम्हालेर राख्नेछौं ।

## स्वर्गबाटै मार्गदर्शनको अपेक्षा

■ **प्रेरणा खत्री**

मानिसको जीवनमा परिवर्तन ल्याउन समर्पित एक दयालु आत्मालाई गुमाउनु निकै दुःखको कुरा हो ।

जब म आफ्नो कामको सिलसिलामा नेपालको ग्रामीण क्षेत्रमा जान्थें, एउटा कुराले जहिले

## कडा मिहिनेत र दृढताको उदाहरण

■ **अधिनराज शाक्य**

शसबैभन्दा नयाँ सदस्यका रूपमा, म केही महिनाअघि मात्र रिड नेपालमा सहभागी भए पनि तपाईंसँग व्यक्ति रूपमा भेटेर निकै गर्व महसुस गरिरहेको छु । रिड कार्यालयमा मैले अभिलेखालयमा संरक्षित वर्षौंको कडा मिहिनेत देख्ने अवसर प्राप्त गरें, जसबाट मैले निकै सम्मानित महसुस गरिरहेको छु । मेरो आमा ३५ वर्षदेखि शिक्षिका हुनुहुन्छ । तपाईं, सामुदायिक पुस्तकालयको जननीसँग भेटेर, नेपालमा ग्रामीण शिक्षालाई प्रवर्द्धन गर्ने मेरो दृढतालाई व्यक्तिगत तथा व्यावसायिक रूपमा अझ प्रोत्साहित गरेको छ ।

शिक्षाप्रति तपाईंको दृढता गज्जबको थियो र कामप्रतिको अटुट प्रतिबद्धताले हामी सबैलाई प्रेरित गरेको छ । तपाईंको नेतृत्वशैली, करूणा, दया र विनम्रतायुक्त थियो । र, सधैं कडा मिहिनेत र दृढताको उदाहरण पेश गर्नुभयो ।

तपाईंको विछोड नेपाल र दक्षिणएशियाका लागि निकै ठूलो क्षति हो, तर तपाईंको कामले भावी पिँढीका लागि अनगिन्ती परिवारको जीवनमा गहिरो प्रभाव पारिरहनेछ । म तपाईंको आत्माको मुक्तिका लागि भगवान् बुद्धसँग प्रार्थना गर्नेछु ।

## तपाई सुपर हिरो

■ **विना तामाङ**

प्रिय टोनी म्याडम, तपाई सुपर हिरो हुनुहुन्छ । जब मैले तपाईंलाई रिड कार्यालयमा देख्थें, मलाई खुशी लाग्थ्यो र तपाईंको उपस्थिति हाम्रो खुशीको स्रोत थियो । तपाई सर्वदा हाम्रो मनमा रहनुहुनेछ । स्वर्गमा शान्तपूर्ण विश्रामको कामना ।



## प्रेरणा र आशाको प्रतीक

■ बिना गोले

तपाईंको बिछोडप्रति म गहिरो दुःख व्यक्त गर्न चाहन्छु । तपाईंको योगदानको स्मरण गर्न मेरा शब्द पर्याप्त छैनन् ।

तपाईंले समुदायका लागि निकै राम्रो छाप छाड्नुभएको छ । तपाईंकै प्रेरणाका माध्यमबाट सामुदायिक पुस्तकालयका लागि सबै उमेर समूहका मानिसहरू एकै ठाउँमा उभिए । तपाईंले असंख्य मानिसलाई मद्दत गर्नुभयो, अन्यथा उनीहरूलाई शिक्षा प्राप्त गर्ने मौका नै प्राप्त हुँदैनथ्यो ।

अनगिन्ती भावी पिंढीका लागि तपाईंद्वारा निर्मित पुस्तकालय प्रेरणा र आशाको प्रतीक हुनेछ । तपाईंको विरासत कायम रहनेछ । सामुदायिक पुस्तकालयको एक परिवारको सदस्यका रूपमा, म पनि त्यही विरासतलाई संरक्षण प्रदान गर्नेछु । म आफ्नो समुदायका लागि ज्ञानवर्द्धक अनुभव प्रदान गर्ने तपाईंको निरन्तर समर्पणको सराहना गर्छु । म सदा तपाईंको यादलाई आफ्नो मुटुको एक विशेष स्थानमा राख्नेछु ।

## दृढ निश्चयी र उत्साही

■ सुस्मिता लामा

टोनी तपाई अमर हुनुहुन्छ । तपाईंको भौतिक शरीर हामीमाझ नरहे पनि तपाईंको सपना, तपाईंको उत्साह र तपाईंको शब्द रिड परिवारका सदस्यको मन र मुटुमा गहिरो गरी बसेको छ । रिड सामुदायिक पुस्तकालय शुरू गर्नु तपाईंको सपना थियो, अब ग्रामीण समुदायमा अझ बढी पुस्तकालय विस्तार गर्दै अझ बढी समुदायमा शिक्षा, सूचना, अवसर, संसाधन र प्रविधिसम्म समान पहुँच पुऱ्याएर तपाईंको विरासत कायम राख्नु हाम्रो जिम्मेवारी हो ।

हामी नेपाल र नेपालीप्रति तपाईंको निस्वार्थ सेवा र प्रतिबद्धताको सदा स्मरण गर्नेछौं । हामी आफ्नो भावी पिंढीलाई गर्वका साथ बताउनेछौं कि, तपाई कति दृढनिश्चयी र उत्साही हुनुहुन्थ्यो भनेर ।

तपाई एक महान् नेतृत्वकर्ता हुनुहुन्छ र तपाईंसँग बिताएका क्षणलाई सदा सम्हालेर राख्नेछु । भगवान् तपाईंको आत्मालाई शान्ति देउन्, प्रिय टोनी !





## मेरो गड मदर

देवीमाया राई

प्रिय टोनी दिदी, तपाई मेरो जीवनको गड मदर हुनुहुन्छ । तपाई मेरो र मेरो बच्चाको जीवनको उज्यालो हुनुहुन्थ्यो । हामी तपाईंलाई लाखौं तरिकाले याद गर्नेछौं । तपाईंसँग बिछोड हुनुपर्दाको अनुभूति व्यक्त गर्न मसँग कुनै शब्द छैन । तपाई हाम्रो मुटु र यादमा रहनुहुनेछ । दिवंगत आत्मालाई स्वर्गमा शान्ति मिलोस् ।



## सच्चा नायकको प्रतीक

■ **भाग्यश्री बिष्ट**

तपाईंको निधनको खबर सुनेर मलाई निकै दुःख लाग्यो र म स्तब्ध भएँ । तपाईंको सराहनीय समर्पण, दृढताले समुदायमा सिधा प्रभाव परेको छ । जसबाट तपाई एक सच्चा नायकको प्रतीक बन्नुभएको छ । तपाईंको अनुपस्थिति हाम्रा लागि गहिरोसँग गडेको छ । तर तपाईंले नेपालमा जो काम शुरू गर्नुभयो, त्यसमा गर्व छ । तपाईंको प्रयासले महत्वपूर्ण परिवर्तन आएको छ, खासगरी कमजोर आर्थिक अवस्थाका मानिस र महिलाका लागि, जसले नयाँ भिजन, शिक्षा र उत्कृष्ट सामाजिक, आर्थिक स्थितिमा पहुँच पाएका छन् । यसमा तपाईंको कार्य वास्तवमा उल्लेखनीय छ ।

यसका अलावा हामी तपाईंले छाड्नुभएको विरासतका लागि आभारी छौं, जो निःसन्देह भावी पिंढीका लागि प्रेरणा रहनेछ । म जहाँ जानेछु, तपाईंको विरासत कायम राख्न प्रतिबद्ध र समर्पित रहनेछु ।

## जीवन बदल्ने प्रकाश

■ **पवन रानामगर**

तपाईंको अपूरणीय विछोडलाई दुःख व्यक्त गर्ने मसँग कुनै शब्द छैन । तर, मनैदेखि नै यो भन्न चाहन्छु कि उहाँ एक अद्भुत मानव हुनुहुन्थ्यो । कैयौं मानिसका लागि जीवन बदल्ने प्रकाश हुनुहुन्थ्यो, जसलाई उहाँले सोलुखुम्बुको जुनबेसीमा सामुदायिक पुस्तकालयका रूपमा बीजारोपण गर्नुभएको थियो । सन् १९९१ देखि शुरू भएको यो परिवर्तनकारी लहर तीव्र रूपमा फैलिइरहेको छ । जब म उहाँको विरासतलाई सम्झन्छु, मलाई साहस र प्रेरणाको अनुभव हुन्छ । यस कठिन घडीमा म उहाँप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

## समुदायका लागि समर्पित

■ **कीर्तिशराज श्रेष्ठ**

२०२० मा रिड नेपालमा काम गरेको बेलादेखि नै मैले रिड र टोनीको योगदानका साथै रिडमा उहाँको अनगिन्ती योगदानको अद्भुत कहानी सुन्दै आएको छु । यद्यपि मेरो उहाँसँग व्यक्तिगत रूपमा निकै कम कुराकानी भयो । तर, यस्ता कथा लामो समयदेखि सुन्दै आएको थिएँ । उहाँले आफ्नो जीवन समुदायको हितका लागि समर्पित गर्नुभयो र मलाई उहाँले देखाउनुभएको मार्गमा चल्न प्रेरित गर्नुभयो । यद्यपि, उहाँ हाम्रो माझ हुनुहुन्न, तर उहाँको नाम उहाँको विरासतको माध्यमबाट जीवित छ, जो उहाँले आफ्नो जीवनकालमा बनाउनुभएको थियो । त्यो मार्गमा चल्ने हाम्रो प्रयास रहनेछ ।

**हामी रिड परिवार प्रतिबद्ध छौं र वाचा गर्दछौं,**
जबसम्म हामी पृथ्वीमा छौं, तबसम्म तपाईंको
**विरासतलाई युगौंयुगसम्म लैजानेछौं ।**
तपाईंको आत्मालाई शाश्वत शान्ति मिलोस् !



READ Nepal
Inspiring Rural Prosperity

# शुभेच्छुकहरूको सम्झनामा टोनी





डियर टोनी तपाईं सामुदायिक पुस्तकालयको रूपमा सधैं बाँची मन भित्र रहि रहनु हुनेछ। - ज्योति आले Jhuwani CLRC

Dear Toni,
You will always be cherished in our hearts as an epitome of community library.
Jyoti Ale
Jhuwani CLRC


Hello tony. Namste. Get well soon and we really missed you. I pray for god for your health and love you so so so much dear toney.
– TAG girls Anamika Dhakal from Jhuwani, Chitwan.

Namaste Toni!
We can never forget your contribution towards Jhuwani Community Library. We pray to lord Pashupatinath for your speedy recovery.
TAG Girl, Rupa Timalsina
Jhuwani CLRC


Hello tony. Namste. Get well soon and we really missed you. I pray for god for your health and love you so so so much dear toney.
– TAG girls Anamika Dhakal from Jhuwani, Chitwan.

Hello Toni, Namaste!
Get well soon and we really miss you. I pray to God for your health and love you very much, my dear Toni
TAG Girl, Anamika Dhakal
Jhuwani CLRC


Dear Tony,
We will always pray for you. we want you live more than 100. we miss you so much.
TAG
Somean chhetri
Jhuwani clrc

Dear Toni,
We will always pray for you. We want you to live more than a hundred years! We miss you so much
TAG, Somean Chettri
Jhuwani CLRC


Hello tony.
हामी तपाईंले यस झुवानीमा गर्नुभएको योगदानको लागि धेरै खुसी छौं, स्वास्थ्यको कामना छिटो निको होस्
भनी हामी pray गर्छौं।
TAG
Alisha Mahato
Jhuwani chitwan

Hello Toni,
We cherish your contribution towards Jhuwani. We pray for your speedy recovery.
TAG, Alisha Mahato
Jhuwani


आदरणीय टोनी आमा,
अकल्पनिय अविस्मरणीय यो
क्षण मा बोल्न सकिन? ---
हामि आमा तपाईंलाई धेरै
धेरै हृदयगत सम्झना छ।
झुवानी महिला समिति
उपसंस्थापक: बबिता ढकाल

Dear mother Toni,
I don't have words to say at this moment which I had never imagined about.
We remember you from the core of our heart, mother!
Babita Dhakal
Jhuwani Women's Group


Dear tony
Love you the most.
we all miss you. Get well
soon. May god blessed
you. thank you so much
For everything you did for
Tag girl's.
Tag girl
Zyoti Sunar
Aggauli Danda
Nawalpar

Dear Toni,
We love you the most and will always miss you. Get well soon.
May God bless you!
Thank you very much for all that you have done for TAG Girls.
TAG Girl, Zyoti Sunar
Agyauli CLRC


Hey! Tony Hope you will get well
soon. You will always god for our
community Library. You did so many
things for our Library. Hope May
good always bless you. Because of
your contribution, we became a good
facilitator & Leader of our commu
nity.
TAG
Aashika Silwal
Jhuwani clrc

Hey Toni!
I hope you get well soon. You will always be regarded as a Goddess for our community because you have done so much for us, and our library. May God always bless you!
It is because of your contribution that we have become good facilitators and leaders of our community.
TAG, Ashika Silwal
Jhuwani CLRC


Lots of love dear mam
I really really miss you.
I wanna meet you.
Hope my dream will come true.
Stay happy
and Take care.
stay safe and alert.
you are my rolemodel.
I want to be just like you.
you are just like angel for us.
Hope to see you soon mam.
your dearest
Ronish Ghimire
TAG Girl.

Lots of love dear ma'am
I really miss you! I want to meet you. I hope you dream will come true. Stay happy and take care.
Stay safe and alert.
You are my role model. I want to be just like you. In fact, you are just like an angel for us. I hope to see you soon ma'am.
Your dearest
Ronish Ghimire
TAG Girl


Dear tony.
Get well soon.
we love you alot. Thanks for
everything you did for this library.
TAG Girls Shreeju Nepal
Torowli. Nepal.

Dear Toni,
Get well soon. We love you a lot!
Thank you for everything that you have done for this library.
TAG Girl, Shreeju Nepal
Tarauli CLRC



*Toni,*
*We shall always keep your dream close to us, and you shall always remain eternal for us. We will cherish your love and memories in our hearts.*
*Jhuwani CLRC and Women's group family.*


we realy realy to miss Toney
Get wellsoon
Keshab Raj Acharya
President
Jhuwani community library
akeshab1974@gmail.com

*We really miss you Toni*
*Get well soon*
*Kehsab Raj Acharua*
*Jhuwani CLRC*

*Respected ToLni, You shall always be remembered someone who loves Nepal. Someone, who established libraries all around Nepal to provide light to the darkness.*



*I can't express my gratitude in words for the love you have for us. Even at this moment when you are struggling in your health, you made up your mind to visit Nepal for the last time. I wish that you reincarnate in Nepal!*
*Surya Bahadur*
*Dibya Jyoti CLRC*


नमस्कार टोनी आमा
झुवानी सामुदायिक
पुस्तकालय तर्फबाट झुवानी स्याको टीम
साथै सम्पूर्ण टीम सामुदायिक
आभार प्रकट गर्दछौ -
भगवती घिमिरे

*Namaste!*
*I would like to express our sincere gratitude towards you on behalf of our entire Community Library.*
*Bhagawati Ghimire*


हाम्रो झुवानी सामुदायिक पुस्तकालय
लाई योगदान गर्नु हुने Toni आमा
लाई हृदय देखि नै स्वागत तथा
सम्मान गर्दछौं।
धेरै धेरै सम्झना
2065/12/28
धेरै धेरै सम्झना
रमा अर्याल

*We thank you and respect you from the core of our hearts for your contribution towards Jhuwani CLRC.*
*A lot of remembrance.*
*Rama Aryal*


नमस्कार - टोनी आमा
झुवानी सामुदायिक पुस्तकालय
र.न.पा. ८ झुवानी
यस झुवानी सामुदायिक पुस्तकालय
मा हजुरले गर्नु भएको योग
दान प्रति हामी आभार प्रकट
गर्दछौ
GOD
Get well Son
miss you So much
Urmila Lamsal.

*Namaste mother Toni!*
*We would like to express our gratitude for your contribution towards Jhuwani Community Library.*
*Get well soon. We miss you so much Toni!*
*Urmila Lamsal*
*Jhuwani CLRC*




Hi Tony
Get Well soon
Miss U so much
Menuka Dil Gurung

Hi Toni!
Get well soon. Miss you so much
Menuka Dil Gurung



Respected Toni,
Namaste!
The service that you have provided through READ Global and READ Nepal for the community library in Jhuwani is indeed priceless. The contribution stands profound towards the sector of education, health especially among women and children as well as livelihood in general.
We wish for your good health and safety.
On a personal note, I was able to access various medium and leadership skills through the library due to which I got an opportunity to participate in various leadership program through Beyond Access in U.S and Indonesia.
I wish for your speedy recovery, Toni.
Tejendra Nath Lamichane
Library Management Committee member
Lifelong member of the library
Jhuwani CLRC


Hi, tony. Get well soon. Hope I meet you soon. We love you alot. Thanks for everything. Stay happy & cool.
I Love you so so so much from channu Ram Mahato from Jhuwani community library. Chitwan, Nepal.


Hi Toni!
Get well soon and I hope to meet you soon.
I love you a lot! Thank you for everything.
Always stay happy and cool.
I love you so much.
From Channu Ram Mahato
Jhuwani CLRC


Get well Soon Toni
mother
Hira Aryal

Get well soon Toni mother!
Hira Aryal





कविता

# पुस्तकको ज्योति !

■ **सरस्वती वली**

अँध्यारो रातलाई
जूनकिरीको धिपधिपे
ज्योतिको प्यालाले

मुखाकृति नयनलाई
धपक्कै बाल्ने
उज्यालो भविष्य
निर्धारण गराउनुपर्ने
जीवनका गोरेटोहरूलाई
अगाडि बढाउन सक्ने
धर्ती लोकमा
समृद्धिका साथै
ज्ञानको भण्डार भरी
जीवन्त जिउन सिकाउने
एक भण्डार हो

पुस्तकको ज्योति
ज्वलन्त ज्योति
त्यहीं भेटिएको हुन्छ
समाउ सबैको जोडले
सिकाउने छ बढ्नलाई

हरेक घुम्तीका मोडले
फरक हुनेछ कठिनतालाई
तिखार्न र निखार्न
एक तमासले
गोरेटोको चित्रण कोरिदिनेछ
समाउ पुस्तक
रमाउ जीवनमा

आँखामा ज्योति दिनेछ
मन-मस्तिष्कमा
मोति दिनेछ
पुस्तकको ज्योतिले
हरेक सुख-दु:खमा
साथी भेटिनेछन्
मूर्धन्य भाषी भेटिनेछन्
खोज उज्यालो संसारको
एउटा मुहार
चम्किलो चम्किएको जुहार
त्यहीं ममताकी
माता भेटिनेछन्
राष्ट्र राष्ट्रियताको सार्वभौमसत्ता
देखिनेछ
भोलिको भविष्यका
हरेक उद्देश्यको

दूरगामी गोरेटो कोरिनेछ
पुस्तकको ज्योतिले
राख नयनमा
साँच मन-मस्तिष्कमा
हजारौं हजार वर्ष पनि
तिमी बाँचिरहनेछौ
तिम्रो ज्ञानले
एउटा युग बदलिनेछ
त्यसैले त रोज पुस्तक
खोज पुस्तक
छर्छ ज्ञान
भर्छ ध्यान
पुस्तकको ज्योतिले ! !

*श्री त्रिभुवन सामुदायिक पुस्तकालय*
*बर्दिया, व्यवस्थापन समिति सदस्य*

# पुस्तकालय मेरो साथी

■ **माया पाण्डे**

पुस्तकालय मेरो साथी हो
म एक यात्री हुँ जो गन्तव्यविहीन छु
पुस्तकालय मेरो सहयात्री हो जो
मलाई म बनाउन मसँगै गुडिरहन्छ

मैले नेतृत्व सीप, नैतिकता, मानवताका
कुरा पुस्तकालयबाटै सिकें
जीवन जिउन पनि पुस्तकालयले
एकहदसम्म मलाई ढाडस दिएको छ

म उपन्यासका कैयौं कथाहरूमा
पुस्तकालय भेट्छु
कविताका प्रत्येक हरफहरूमा
म पुस्तकालय पाउँछु
मतलब बुझ्नेौ ?

उपन्यास, कविता या भनौं साहित्य,
लोकसेवाका कैयौं पुस्तकहरू पनि
म पुस्तकालयमा नै भेट्टाउँछु
यी सबै पुस्तक मलाई सित्तैंमा
अध्ययन गर्न दिएको छ पुस्तकालयले
मेरो साथी जस्तै...
त्यसैले पुस्तकालय मेरो साथी हो .....

नेट, इन्टरनेटका कुरा,
संगीत पनि मलाई
पुस्तकालयले सिकाएको छ,
साँच्चै पुस्तकको म विद्यार्थी हुनुको
आभास दिलाएको छ
एउटा विद्यार्थीको पुस्तकको भण्डार
मात्रै होइन पुस्तकालय
सम्पूर्ण व्यक्तिको सिंगो ज्ञानको भण्डार हो ....

मलाई बचपनको चञ्चलताले
फुर्काउँदा खेलौनाहरूले मलाई
पुस्तकालयबाटै बोलाउँछ अनि
बुढ्यौलीले दिक्क लगाउँदा
पुस्तकालयका पुस्तकहरूले बोलाउँछन्
मेरो साथी जस्तै...
त्यसैले पुस्तक मेरो जीवन हो ।
पुस्तकालय मेरो साथी हो जो विना म
अपुरो हुन्छु, अधुरो हुन्छु सधैं सधैं ...

*ट्याग किशोरी*
*भानु सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र*

# तिम्रो सपना हाम्रो सम्पत्ति !

**गोकर्ण रिमाल**

जति भोग थियो भोग्यौ, फर्कन्नौ अब के रूनु
तिम्रा विशाल छातीमा, हेर खुशी मुनु बुनु

भुलौंला कसरी हामी, सोच, स्वप्न अपारको
खुले ज्ञानरूपी ढोका, काया पल्ट्यो समाजको

शिक्षाले गाउँको रूप, कर्मले समुदायको
देखिछौ सपनी टोनी समृद्धि नयपालको

एक्-एक् सिक्का गरी जम्मा, समूहको बढ्यो गति
नारी नित्य चनाखो छन् नआओस् भनी दुर्मति

दलालहरूको जाल बुझी फर्के घरै युवा
आफ्नै माटोभरी नाच्छन्, पुर्खाका ती हलोजुवा

समूह खेतीले गर्दा घटायो दुःखको दुरी
लुकेको प्रतिभा खोल्न को बस्थ्यो परधन कुरी

बहु, बाल विवाहैमा शिक्षाले चेतना छर्‍यो
गोठमा चारदिन सुत्ने दुःखका दिन नि टर्‍यो

वृद्धाश्रम लाइब्रेरी, दिन काट्ने थलो पनि
गुञ्जन्छन् भक्तिका गाथा, श्रीहरि श्रीहरि भनी ।

*सहसचिव*
*अग्योली सामुदायिक स्रोत पुस्तकालय*



# सोसलमिडियामा डा.

Govinda Prasad Shrestha
13m

नेपालमा ७० वटा सामुदायिक पुस्तकालयको स्थापना र प्रवर्धनका लागि योगदान पुराउनुहुने डा . ऐन्टिनिया रोज न्युवर संस्थापक रिड ग्लोबलको पहि वैशाख ३ गते दुखद निधन भएकोमा हार्दिक श्रध्दान्जली !!!
-गोविन्द श्रेष्ठ सचिव थाक सामुदायिक पुस्तकालय




You, Chin Kaji Shrestha, Bishnu Thakali and 5 others · 2 comments

Love · Comment

Emily Wemsdorfer Hooker
April 22 at 6:04 PM

I worked at READ Nepal in 2013 for a Clinton School field service project. It's a wonderful organization and I heard many stories about Toni and her work. A huge loss!



READ Global
April 21 at 6:45 PM

We are deeply saddened to announce the passing of Antonia "Toni" Neubauer, founder of READ Global. After a two-year battle with cancer, Toni passed away this we... See more

Sanjana Shrestha and 3 others · 1 comment

Like · Comment · Share

Babita Dhakal
April 22 at 4:43 PM



EKANTIPUR.COM

**नेपालकै लागि जीवनका ३३ वर्ष**

आजभन्दा ३२ वर्षअघि नेपालमा पदयात्री बनेर आएकी अमेरिकी हितैषीले भित्री गाउँको आवश्यकता र जनसाधार...

12

Ronisha Ghimire
April 22 at 2:56 PM

You will always be remembered no matter what. Your presence, love and kindness will forever be with us. Rest for now until we meet again.Rest in peace Tony Mam..😓



Laxmi Dhitang, Rabina Sunar and 90 others · 22 comments · 1 share

सृजना सामुदायिक पुस्तकालय पदरिया
1d

नेपालमा निर्माण भएका ७९ औ पुस्तकालयको संस्थापक ,जन्मदाता तथा समाजसेवी टोनि म्यामको दुःखद निधनले हामी पुस्तकालय परिवार र सम्पूर्ण स्थानीय समुदाय स्तब्ध भएका छौ । वहाँ को निधनले हामी सबैले एक अभिभावक गुमाएका छौ ।वहाले सामुदायिक पुस्तकालयको लागि पु-याउनु भएको सेवा र योगदान सदैव अमर रहिरहनेछ ।यस दु:खद घडिमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस सम्पुर्ण शोकाकुल परिवारमा हार्दिक समवेदना स्वर्गिय टोनि म्याम सामुदायिक पुस्तकालयको आत्मप्रति भावपुर्ण श्रध्दान्जली व्यक्त गर्दछौ ।



Aasha Chaudhary, LB Bhandari and 72 others · 42 comments · 5 shares

Like · Comment · Share

View more comments

Deepak Chaudhary
Rip
Like · Reply · 11h

Write a comment...

# टोनीप्रति श्रद्धाञ्जली


Giranchour Community Library & Resource Center is feeling sad at Giranchour.
April 22 at 12:04 PM

नेपालमा निर्माण भएका ७९ औं सामुदायिक पुस्तकालयको संस्थापक, जन्मदाता तथा समाजसेवी टोनी न्यामको दुखद निधनले हामी पुस्तकालय परिवार र सम्पूर्ण स्थानीय समुदाय स्तब्ध भएका छौं ।वहाँको निधनले हामी सबैले एक अभिभावक गुमाएका छौं । वहाँले सामुदायिक पुस्तकालयको लागि पु-याउनु भएको सेवा र योगदान सदैव अमर रहिरहनेछ । यस दुखद घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्तहोस । सम्पूर्ण शोकाकुल परिवारमा हार्दिक समवेदना । स्वर्गिय टोनी न्याम सामुदायिक पुस्तकालयको आत्माप्रती भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौ। 🙏🙏🙏
गिरान्चौर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र परिवार मेलम्ची नगरपालिका -१२,गिरान्चौर सिन्धुपाल्चोक




जुनबेसी सामुदायिक पुस्तकालय
April 21 at 7:55 PM

We were deeply saddened when we heard about the news of Dr.Antonia "ToNi" Neubauer's demise. We express our deepest condolences to her bereaved family. Our entire Junbesi Community Library committee appreciated Dr.Antonia "ToNi" Neubauer's contribution to the development of community library in Nepal. Antony neuber's demise has caused a great loss to the society.May you find comfort in love of friends and family and never forget the cherished memories.May the departed soul re... See more





Madan Giri
21h

हार्दिक श्रद्धाञ्जलि डा.एन्टोनिया न्युवर
हामिले मदर अफ लाईब्रेरी गुमाउँनु पर्दा अत्यन्तै मर्माहित छौं ।
हामी मृत आत्माको बैकुण्ठ बासको कामना शोकाकुल परिवारमा गहिरो समबेदना प्रकट गर्दछौं।
अप्पौली सामुदायिक पुस्तकालय परिवार ।




Laxmi Dhamlahwa
18h



बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र
18h

आज बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र बाँसगढीको आयोजनामा रीडका संस्थापक अध्यक्ष स्व. डा. एन्टोनिया न्युवर ( टोनी) को मिति 2079/01/03 गते भएको दुखद निधन प्रति शोक सभाको आयोजना गरियो । शोक सभाको अध्यक्षता गोविन्द प्रसाद शर्मा र सञ्चालन प्रेम शर्माले गर्नु भएको थियो।कार्यक्रममा एक मिनेट मौन धारण गर्दै फोटोमा माल्यार्पण गरिएको थियो वहाँको योगदान र हाम्रो पुस्तकालयको विकासमा दिउनै दिएको योगदानको चर्चा गर्दै बाँसगढी सामुदायिक पुस्तकालय परिवार धेरै दुखी रहेको चर्चा गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गरियो।

# सामुदायिक विकासका लागि

# सामुदायिक पुस्तकालय




सामुदायिक जनचेतनाका लागि

रिड सञ्चार अभियान